# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## गढी गाउँपालिका
## सुनसरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं १

पत्र संख्याः २०७८।७९
च.नं. ४४१ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सुनसरी ।

**कैफियत सहितको राय**

हामीले गढी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गढी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ६ करोड ७९ लाख ९४ हजार बेरुजु देखिएकोमा प्रतिकृया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. १ करोड ९७ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८९ लाख ८२ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ८५ लाख १७ हजार र पेश्की रु. ७ लाख ५५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ३ करोड ८६ लाख ७८ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. १० करोड ६१ लाख २५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।**
३. गढी गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

गढी गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४३ | ५७ | ६७९९४ | ० | ० | ० | ४३ | ५७ | ६७९९४ | १९७४० | २८५१७ | १८९८२ | ० | ० | ४७४९९ | ७५५ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनसरी | ३८६७८ | ० | ५४७ | १८१३१ | ० | ६७९९४ | १०६१२५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गढी गाउँपालिका, सुनसरी , गढी गाउँपालिका , सुनसरी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमोद कुमार चौधरी | २०७६-११-१२ | २०७७-९-१२ |
| कार्यालय प्रमुख | भुपध्वज थापा | २०७७-९-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिल बहादुर खड्का | २०७५-४-१४ | |
| | | **बेरुजु रकम** | ६७,९९४,३४७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १९,६३,१०,३४९.१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,९५,२२,२९९.१ | **चालु खर्च** | २३,१५,७७,५६२.८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९२,८७,००० | **पूँजीगत खर्च** | ३०,६१,०३,९४०.६ |
| **राजश्व बाँडफाँट** | ७,४५,८३,०४८.०१ | **वित्तीय/अन्य व्यवस्था** | २,१७,१३,०९०.११ |
| **आन्तरिक आय** | १,७८,२१,०११.१४ | | |
| **अन्य आय** | १,३३,०१,०७२.८८ | | |
| **कुल आय** | ४९,४५,१४,४३१.१३ | **कुल खर्च** | ५५,९३,९४,५९३.५१ |
| **बाँकी मौज्दात** | | ५,१४,३०,१८६.७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **पृष्ठभूमि**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस चामे गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिकाअन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ६७.7 वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०७८ को प्रारम्भिक तथ्याक बमोजिम ३९४७८ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३ | | | **एकिकृत आय व्यय विवरण**<br>गाउँपालिकाकको आर्थिक वर्ष २०७७।७८ को एकिकृत आय व्यय विवरण निम्नानुसार रहेको छ । (म्यानुअल्ली तयार भएको) | |

| एकिकृत आर्थिक कारोबारको स्थिति | | | | | |
|---|---|---|---|---|---|
| आ.व.2077/078 | | | | | |
| क्र.स. | आम्दानी विवरण | | | खर्च विवरण | |
| | शिर्षक | रकम रु. | क्र.स. | शिर्षक | रकम रु. |
| १ | गत बर्षको जिम्मेवारी | 116310349.1 | १ | चालु खर्च | 92595653.91 |
| | क) कर्मचारी कल्याण कोष=100000.00 | | २ | पुँजीगत खर्च | 212675458 |
| | ख) प्रकोप व्यवस्थापन कोष खाता =1365646.23 | | ३ | प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ | |
| | ग) बिपद व्य कोष खाता रू= 330416 | | | क) प्रदेश शसर्त अनुदान | 0 |
| | घ) धरौटी तर्फ रू= 4046495.01 | | | ख) प्रदेश विषेश अनुदान | 0 |
| | ङ) पुजिगत खर्च खाता =962147.45 | | | ग) समपुरक अनुदान | 9999999.55 |
| | च) चालु खर्च खाता =236692.6 | | ४ | संघिय सरकारबाट प्राप्त अनुदान | |
| | छ) संचित कोष तर्फ रू=109268951.78 | | | क) संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | 138981908.9 |
| २ | आन्तरिक राजश्व | 17821011.14 | | ख) संघीय सरकारबाट प्राप्त समपुरक अनुदान | 0 |
| ३ | संघिय सरकार बाट प्राप्त अनुदान | | | ग) संघिय सरकारबाट प्राप्त विशेष अनुदान | 7947973.87 |
| | क)वित्तिय समानिकरण | 119500000 | ५ | संघिय सशर्त रकम फिर्ता | 13300000 |
| | ख) शसर्त अनुदान | 166541790 | ६ | करूणा फाउण्डेशन कार्यक्रम | 1100000 |


https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) राजश्व बाँडफाँडबाट प्राप्त | 72605795.27 | ७ | सडक बोर्ड नेपाल | 811149.14 |
| | घ) समपुरक अनुदान | 0 | ८ | जिल्ला समन्वय समिति | 0 |
| | ङ) विशेष अनुदान | 8000000 | ९ | संघिय सरकार कार्यक्रम | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | क) सामाजिक सुरक्षा कार्यक्रम | 74124040 |
| | क) वित्तिय समानिकरण | 7211000 | | ख)गरिब संग विश्वेश्वर कार्यक्रम | 545320 |
| | ख) प्रदेश शसर्त अनुदान | 2076000 | 10 | धरौटी फिर्ता | 822547.64 |
| | ग) प्रदेश विषेश अनुदान | 0 | 11 | कोरेना सम्बन्धि खर्च (प्रकोप व्यवस्थापन कोष) | 6490542.47 |
| | घ) समपुरक अनुदान | 10000000 | १२ | बाँकी मौज्दात | 51430186.78 |
| | ङ) राजश्व बाँडफाँड | 1977252.74 | | कर्मचारी कल्याण कोष रु. =100000.00 | |
| ५ | संघिय सरकार कार्यक्रम | | | धरौटी खाता तर्फ रु. 8275970.25 | |
| | क) सामाजिक सुरक्षा कार्यक्रम | 74124040 | | संचित कोष खाता रु.=37061142.72 | |
| | ख) गरिब संग विश्वेश्रर कार्यक्रम | 545320 | | प्रकोप व्यवस्थापन कोष खाता रु.=442508.26 | |
| ६ | सडक बोर्ड नेपाल | 811149.14 | | विपद व्यवस्थापन कोष खाता रु. =330416 | |
| ७ | यस बर्षको धरोटी प्राप्त | 5052022.88 | | च) आन्तरिक राजश्व खाता रु=3799355 | |
| | | 1100000 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | करूणा फाउण्डेशन कार्यक्रम | | | छ) विविध खर्च खाता रु. 221954.5 | |
| ९ | प्रकोप व्यवस्थापन कोष खाता | 6049050 | | ज) पुजिगत खर्च खाता विजोर वर्ष रु. =962147.45 | |
| १० | अपाङ्गता रोकथाम (करुणा) कोष प्रदेश सरकार | 1100000 | | झ) चालु खर्च खाता विजोर वर्ष रु. =236692.6 | |
| | जम्माः | 610824780.3 | | जम्मा | 610824780.3 |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **वित्तिय व्यवस्थापन** | |
| ४.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्नेमा नगरेको र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गाउँपालिकाका अधिकांश योजना तथा कार्यक्रम फरक चौमासिकमा विशेषत अन्तिम चौमासिकमा सम्पादन भएको देखिएको छ । नियमित चौमासिक प्रतिवेदन तयार गर पेश गर्ने तथा चौमासिक लक्ष्य बमोजिम कार्यसम्पादन गर्ने व्यवस्थाको पालना गर्नेतर्फ गाउँपालिका संवेदनशिल बन्नुपर्दछ । | |
| ४.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । साथै, स्थानीय तहले प्रयोगमा ल्याएको SuTRA सफ्टवेयर बमोजिम मलेपफा नं २७२ र म्यानुअल्ली तयार गरेको एकिकृत आय विवरणमा आर्थिक वर्षको मौज्दात निम्नानुसार रु २९६८१०४।३३ फरक देखिएको छ । तसर्थ आय व्ययको वास्तविक स्थिति यकिन गरि हिसाब मिलान गर्नुपर्दछ । | २,९६८,१०४.३३ |

| एकिकृत आय व्यय अनुसारको मौज्दात | रकम | सुत्रमा समावेश मलेपफा नं २७२ बमोजिम | रकम |
|---|---|---|---|
| कर्मचारी कल्याण कोष | 100000 | ग १.१ आन्तरिक राजस्व खाता | 34247 |
| धरौटी खाता तर्फ | 8275970.25 | ग २.२ चालू खर्च खाता- जोर वर्ष | १६१६३३८.३१ |
| संचित कोष खाता | 37061142.72 | ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ४९५१३८३.१३ |
| प्रकोप व्यवस्थापन कोष खाता | 442508.26 | ग ३.१ स्थानीय तह धरौटी खाता | ५०५२०२२.८८ |
| विपद व्यवस्थापन कोष खाता | 330416 | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ३६००१०३०.८७ |
| आन्तरिक राजस्व खाता | 3799355 | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ७८६८२१.२६ |
| विविध खर्च खाता | 221954.5 | शिर्षक नखुलेको | 20239 |
| पूँजिगत खर्च खाता विजोर बर्ष | 962147.45 | | |
| चालु खर्च खाता बिजोर बर्ष | 236692.6 | | |
| **जम्मा** | **51430186.8** | **जम्मा** | **48462082.45** |

| | | | | |
|---|---|---|---|---|
| ४.३ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा गाउँपालिकाले सो गरेको छैन । यसबाट आर्थिक कारोबारको वास्तविक चित्रण नभै सञ्चित कोषको हिसाब आधिकारिक हुँदैन । अत आर्थिक वर्षको अन्तमा तोकिएको समयावधिमा सबै खाता शुन्य गरी सञ्चित कोषमा आम्दानी बाँध्ने व्यवस्था गर्नुपर्दछ । साथै, गाउँपालिकाले यस आर्थिक वर्षमा संघ तर्फ रु १४२५९८८१।१० र प्रदेशतर्फ रु २०७६००० समेत जम्मा रु १६३३५८८१ हालसम्म पनि सम्बन्धित तहमा फिर्ता गरेको नदेखिएकोले फिर्ता गर्नुपर्दछ । | १६,३३५,८८१ |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ५ | | | **बजेट र कार्यक्रम व्यवस्था** | |
| ५.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा गाउँपालिकाले एकमुष्ठ रुपमा योजना नतोकि पछि कार्यपालिका बैठकबाट योजना छनौट गरी सञ्चालन गरेको छ । कार्यक्रम र क्रियाकलाप सञ्चालन गर्दा बजेट तथा कार्यक्रममा नै स्पष्ट बजेट व्यवस्था गर्नुपर्छ । | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | अा.व.२०७६।७७ मा विविध कार्यक्रम खर्च वापतको भुक्तानी दिन बाँकी | ११९८८४०.०५ | ११९८७८५ |
| २ | अा.व.२०७६।७७ मा भुक्तानी दिन बाँकी विभिन्न योजनाहरूको भुक्तानी | २३९२४२९१.८५ | २३९२४२९१.८५ |
| ३ | उन्नत धान बिउमा कृषकहरूलाइ अनुदान कार्यक्रम | ४६३००० | ४६१८०० |
| ४ | कृषि बोरिंग वितरण ५० प्रतिशत अनुदान | १५००००० | १४९९२२७.५ |
| ५ | फलफूल दशक अन्तरगत स्थानीय तहमा आँप बिरुवा रोपण अभियान कार्यक्रम (५०% अनुदान) | १०००००० | ९९५३०९ |
| ६ | विभिन्न खेलकुद कार्यक्रम सञ्चालन | ७५००० | ६५५२५ |
| ७ | विभिन्न चाँडपर्व कार्यक्रम खर्च | १५०००० | १५०००० |
| ८ | विभिन्न चाँडपर्व कार्यक्रम खर्च | १००००० | ८४१६० |
| ९ | विभिन्न चाँडपर्व कार्यक्रम खर्च(दुर्गा पुजाशिव रात्रि) | ५०००० | ५०००० |
| १० | विभिन्न ठाउँमा पानी निकासको लागि ह्युम पाइप खरिद | २५०००० | २५०००० |
| ११ | विभिन्न दिवसअभियान तथा समारोह सञ्चालन खर्च | ५४००० | ५४००० |
| १२ | विभिन्न बाटो मर्मत | २५०००० | २५०००० |
| १३ | विभिन्न भत्केको विग्रेको बाटो मर्मत | ५००००० | ४९६९४१.२८ |
| १४ | विभिन्न योजनाहरूको लागि समपुरक कोष | ६००००० | ५९९२९५.०३ |

| | | | |
|---|---|---|---|
| १५ | विभिन्न योजनाहरूको लागि समपुरक कोष | ५५३१००० | ५५३०९५५.३९ |
| १६ | विभिन्न योजनाहरूको लागि समपुरक कोष | १७००००० | १६९९९९९.८८ |
| १७ | विभिन्न योजनाहरूको लागि समपुरक कोष | ५००००० | ४९६०८२.५५ |
| १८ | विभिन्न सडकहरूमा मर्मत तथा भौतिक निर्माण कार्य | ४२५००० | ३९९७०९ |
| १९ | शिक्षा शाखाको लागि विभिन्न कार्यक्रम | ५००००० | ५००००० |
| २० | सडक निर्माण तथा स्तरोन्नती | २१००००० | ६१९९९९.१४ |
| २१ | स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको संचालन खर्च | १०००००० | ९९७००१.६ |
| | | जम्मा | ४०३२३०८२ |

५.२ गाउँपालिकाले गाउँ सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरिसकेपछी कार्यपालिकाको निर्णयका आधारमा आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी विभिन्न शिर्षकमा रकमान्तर गरी खर्च गरेको छ । यसरी खर्च गर्दा कार्यपालिकाले रकमान्तर गरी खर्च गर्ने तर उक्त रकमान्तरको अनुमोदन पछिल्लो गाउँसभाबाट गराई कार्यपालिकालाई पुन अख्तियारी दिई कार्यसञ्चालन गरेको छ । स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन नगरी योजना सञ्चालन गर्ने कार्य कानूनबमोजिम नभएकोले गाउँ सभाबाट तोकिएका योजना सञ्चालन गर्नका लागि पर्याप्त तयारीका साथ बजेट व्यवस्था गरी गाउँपालिकाको योजना तथा कार्यक्रमलाई वस्तुगत एवं विधिसम्मत सञ्चालन गर्नुपर्दछ ।

५.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छैन । गाउँपालिकाले उक्त समितिको आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत

| | | | | |
|---|---|---|---|---|
| | | | सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यलाई व्यवस्थित तरिकाले सम्पादन गर्न गराउन ध्यान दिनुपर्दछ । | |
| ५.४ | | | **पुँजीगत खर्च शिर्षकबाट चालु खर्च शिर्षकमा रकमान्तरः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, 2074 को दफा २९ मा पुँजिगत खर्चको रुपमा विनियोजन भएको बजेट चालु खर्च शिर्षकमा रकमान्तर गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले ऐनमा भएको व्यवस्थाको विपरित देहायअनुसार 2078/01/27 को कार्यपालिकाको निर्णयले बहुवर्षिय योजनाको बजेट चालु खर्चमा रकमान्तर गरेको छ। कानूनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी रकमान्तर गरी खर्च लेखेको सम्बन्धमा गाउँपालिकासँग छलफल हुँदा रकमान्तरको निर्णय कार्यपालिकाले गरी सभाबाट अनुमोदन समेत भैसकेको जनाएको छ । यो रकमान्तर र अन्य शिर्षक समेत गरी गाउँपालिकाले शिर्षक फरक गरी खर्च गरेको रकम प्रतिवेदनको अन्य दफामा समेत समावेश गरी प्रतिवदेनमा समावेश गरिएको छ । गाउँपालिकाले बजेट तथा कार्यक्रम स्वीकृती बमोजिम कार्यक्रम सञ्चालन गरी बजेट अनुशासन पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |


https://nams.oag.gov.np

| गो.भौ. नं र मिति | सुरु विनियोजन भएको पुँजिगत खर्च कार्यक्रम | रकमान्तर वापत विनियोजन भएको चालु खर्च कार्यक्रम | रकम |
|---|---|---|---|
| 341/078/03/25 | गढी ६ कमल शाहको घर देखि उत्तर गढी ६, 5 र २ को काली मन्दिर जोड्ने बाटोमा कालोपत्रे (वहुवर्षिय) | 2078 अषाढको कार्यपालिकाको वैठक र ७ औं गाउँसभा अषाढ 6, 9 र १० को वैठक भत्ता खर्च | 154000 |
| 398/078/03/29 | गढी ६ कमल शाहको घर देखि उत्तर गढी ६, 5 र २ को काली मन्दिर जोड्ने बाटोमा कालोपत्रे (वहुवर्षिय) | गा.पा.को मेलमिलाप केन्द्र संचालन कार्यविधि निर्माण छपाई आदि कार्य सम्पन्न भए वापतको खर्च | 361000 |
| 364/078/03/25 | गढी ६कमल शाहको घर देखि उत्तर गढी ६, 5 र २ को काली मन्दिर जोड्ने बाटोमा कालोपत्रे (वहुवर्षिय) | एकिकृत सम्पत्ति कर, आयलेखा, एकिकृत सम्पत्तिकर ६ वटा वडा कार्यालयमा आयलेखा, ६ वटा वडा कार्यालयमा प्राविधिक सेवा शुल्क वापत सांग्रिला इन्फोसिस प्रा.लि.लाई भुक्तानी | 255560 |
| 190/078/02/06 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | 16 जना पालिकाको कर्मचारीको 078 वैशाखको तलव | 642975 |
| 191/078/02/06 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको | 34 जना पदाधिकारी को 078 वैशाखको परिश्रमिक | 360000 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | | | | |
| | | | 192/078/02/06 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | १३ जना करारको कर्मचारीको 2078 वैशाखको पारिश्रमिक | 352990 | | |
| | | | 193/078/02/06 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | २४ जना करारको कर्मचारीको 2078 वैशाखको पारिश्रमिक | 812095 | | |
| | | | 194/078/02/06 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | स्वास्थ्य तर्फका करारका ४ जना कर्मचारीको 2078 वैशाखको तलव भत्ता | 146440 | | |
| | | | 199/078/02/06 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | दरवन्दीका १४ जना कर्मचारीको २०७८ जेष्ठको तलव भत्ता | 474800 | | |
| | | | 201/078/02/16 | खनारको सिमाना देखि | फर्निचर खरिद कार्यको अरुण काष्ठ तथा | 384169 | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | स्टिललाई भुक्तानी | | | |
| | | | 202/078/02/16 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | नर्वदा अटोलाई गाडी मर्मतको भुक्तानी | 103631 | | |
| | | | 509/078/02/17 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | 2077/04/02 देखि 2078/02/20 सम्म गाउँपालिकाको वैठक वसेको पदाधिकारी र कर्मचारी २९ जनाको वैठक भत्ता | 383500 | | |
| | | | 260/078/03/19 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | १ सव इन्जिनियरको 2078 वैशाख देखि 2078 असार सम्मको तलव भत्ता | 84600 | | |
| | | | 261/078/03/19 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | २३ करारका कर्मचारीको 078 जेष्ठ र असारको तलव भत्ता | 1126780 | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | 262/078/03/19 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | ५ करारका कर्मचारीको 078 अषाढको तलव भत्ता | 95530 | | |
| | | | 263/078/03/19 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | स्वास्थ्य तर्फको ४ जना करारका कर्मचारीको 078 जेष्ठ र अषाढको तलव भत्ता | 212880 | | |
| | | | 264/078/03/19 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | ल्या.अ. २ जनाको ०७८ जेष्ठ र अषाढको तलव भत्ता | 109620 | | |
| | | | 265/078/03/19 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | सूचना प्रविधि १ जनाको ०७८ जेष्ठ र अषाढको तलव भत्ता | 71980 | | |
| | | | 265/078/03/19 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको | स्वास्थ्य तर्फको ३ जना करारको कर्मचारीको 078 वैशाख, जेष्ठ र अषाढको तलव भत्ता | 2638000 | | |

| | | | |
|---|---|---|---|
| | बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | | |
| 267/078/03/19 | खनारको सिमाना देखि सुरजदासको घर हुँदै चाँदवेलाको सिमा सम्मको बाटो कालोपत्रे गर्ने कार्य (वहुवर्षिय) | ३४ जना पदाधिकारीको ०७८ अषाढको पारिश्रमिक | 360000 |
| 268/078/03/19 | विभिन्न योजनाको लागि छुट्याएको समपुरक कोष | ३ जना कर्मचारीको अषाढको तलव | 140493 |
| 298/078/03/23 | सिजी ग्रुप वाट वर्जु सिमाना सम्मको बाटो कालोपत्रे (वहुवर्षे) | कोचिला मिडियालाई जनतामा पहुँच रेडियो कार्यक्रमको लागि भुक्तानी | 327000 |
| 269/078/03/19 | गढी ६ कमल साहको घर देखि उत्तर गढी ६, ५ र २ को कालीमन्दिर सम्म जोड्ने सडक कालोपत्रे गर्न (वहुवर्षिय) | १२ जना कर्मचारीको 078 आषाढको सुविधा | 530220 |
| | ४ जना प्राविधिकको 078 जेष्ठ र आषाढको सुविधा | | 33000 |
| 295/078/03/22 | गढी ६ कमल साहको घर देखि उत्तर गढी ६, ५ र २ को कालीमन्दिर सम्म जोड्ने सडक कालोपत्रे गर्न (वहुवर्षिय) | जयश्री इम्पोरियमबाट ४०० थान फाइवर सिरक खरिद गरी भुक्तानी | 439999 |

| | | | |
|---|---|---|---|
| 325/078/03/25 | गढी ६ कमल साहको घर देखि उत्तर गढी ६, ५ र २ को कालीमन्दिर सम्म जोड्ने सडक कालोपत्रे गर्न (वहुवर्षिय) | लक्ष्मी स्टेशनरी सेन्टर/लक्ष्मी प्रिन्टिङ प्रेसलाई भुक्तानी | 449500 |
| 327/078/03/25 | गढी ६ कमल साहको घर देखि उत्तर गढी ६, ५ र २ को कालीमन्दिर सम्म जोड्ने सडक कालोपत्रे गर्न (वहुवर्षिय) | प्र.20 2001 च.338 को जोमेश विष्टको 077 माघ देखि अषाढ मसान्त सम्मको भाडा भुक्तानी | 457500 |
| 328/078/03/25 | गढी ६ कमल साहको घर देखि उत्तर गढी ६, ५ र २ को कालीमन्दिर सम्म जोड्ने सडक कालोपत्रे गर्न (वहुवर्षिय) | मनोकामना मेडिकोलाई औषधिको विल भुक्तानी | 498941 |
| | | जम्मा | 12007203 |

५.५ आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भर्पाई बमोजिमको रकम अगामी बर्षमा भुक्तानी दिनु पर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्च्यावारीमा चठाई श्रावण पन्ध्र गते भित्र कार्यालय प्रमुख र को.ले.नि.का बाट प्रमाणित गराई राख्नु पर्ने उल्लेख छ । यसपालिकाले चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पूर्व असल अभ्यासका आधारमा कार्यपालिकाबाट निर्णय गराई यस बर्ष भुक्तानी खर्च लेख्नु पर्नेमा आ.व. ०७६।०७७ को योजनाको भुक्तानी बाँकी रकम उल्लेख गरी यस बर्ष निम्नानुसार खर्च लेखेको छ । चालु बर्षको बजेटले नखाम्ने गरी दायित्व सृजना गरेको र भुक्तानी बाँकीको कच्चावारी प्रमाणित नगरी गतको योजनाको खर्च यस बर्ष

भुक्तानी लेखेको उपयुक्त देखिएन । भुक्तानकी बाँकीको कच्चावारी वेगर गत बर्षको बाँकी खर्च यस बर्ष लेख्दा गत बर्ष खर्च भै भुक्तानी बाँकी रहे नरहेको लेखापरीक्षणमा आश्वस्त हुन सक्ने अवस्था रहेन ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | आ व २०७६।७७ मा विविध कार्यक्रम खर्च वापतको भुक्तानी दिन बाँकी | ११९८८४०.०५ | ११९८७८५ |
| २ | आ व २०७६।७७ मा भुक्तानी दिन बाँकी विभिन्न योजनाहरूको भुक्तानी | २३९२४२९१.८५ | २३९२४२९१.८५ |
| | | जम्मा | २५१२३०७७ |

५.६ कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्ने सम्बन्धमा SuTRA मा भएको प्रतिवेदनका आधारमा गर्ने र पटके रुपमा सम्बन्धित निकायबाट माग भईआए बमोजिम प्रतिवेदन गर्ने गरेको बताए पनि प्रतिवेदनको अभिलेख व्यवस्थित गरी खोजेको बखतमा प्राप्त हुने गरी राखेको छैन । व्यवस्थित तथ्यांकबमोजिम प्रतिवेदन गर्ने र प्रतिवेदनको अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

५.७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गाउँपालिकाले प्रोफाईल तयार गरेको वा सो को अभिलेख रहेको छैन । यसबाट गाउँपालिकाको राजस्व तथा आम्दानीको श्रोत यकिन नभई आन्तरिक आयको अवस्था सुदृढ गर्न समस्या हुन्छ । अत बजेट तथा कार्यक्रम तयार गर्दा स्थानीय तहको कार्यक्षेत्रभित्रका सम्भावित आयका श्रोत पहिचान गरी स्थानीय सञ्चित कोषलाई सबल बनाउनेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **सशर्त र अनुदान फिर्ता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको छैन । गाउँपालिकाले कर्मचारी सञ्चय कोषमा कट्टि गरेको रकममा थप गरी पठाउने गरेको र योगदानमा आधारित सामाजिक सुरक्षा कोषले निर्धारण गरे बमोजिमको ६ प्रतिशत कट्टि गरेको छैन । स्थानीय श्रोत र राजस्वको श्रोतको स्थायित्वको आधारमा कर्मचारी व्यवस्थापन र अवकाशका लागि कोष स्थापना गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |
| ७ | | | **पेश्की व्यवस्था** | |
| ७.१ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की दिएकोमा वर्षान्तसम्म पेश्की फछ्र्यौट गरेको नदेखिएकोले समयमा फछ्र्यौट गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । अन्य सार्वजनिक निर्माण अन्तर्गत मोहन निर्माण सेवालाई उपलब्ध गराईएको पेश्कीमध्ये रु २५०००० पेश्की फछ्र्यौट नभएको र निर्माण सेवाले काम पनि छोडेको र पेश्की फछ्र्यौट पनि नगरेको पेश्की फछ्र्यौट सम्बन्धमा आवश्यक कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिएको छ । | २५०,००० |

| सि नं | पेश्की लिएको मिति | पेश्की विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|---|---|
| १ | २०७७/०४/०१ | गढि गाउपालिका कार्रयालय भवन तथा कम्पाउन्रड (समपुरक केन्द्र) | तुलसी भक्त-कला जे.भी. | ४०००००० |
| २ | २०७७/०४/०१ | अन्य सार्वजनिक निर्माण | मोहन निर्माण सेवा | २५०००० |
| | | | जम्मा | ४२५०००० |

| **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **पेस्की रकम** |
|---|---|---|
| ७.१.१ | मोहन निर्माण सेवा | २,५०,००० |

| ७.२ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की रकम तोकिएको अवधीमा फछ्र्यौट गरे नगरेको तथा फछ्र्यौट गर्न ताकेता गर्ने सम्बन्धी व्यवस्था रहेकोमा गाउँपालिकाले यस आर्थिक वर्षमा गाउँपालिकाका पदाधिकारी र कर्मचारीलाई दिएको पेश्की नियमानुसार हालसम्म फछ्र्यौट भएको नदिखएकोले फछ्र्यौट गर्नुपर्दछ । गाउँपालिकाले जनप्रतिनिधि र कानूनी सल्लाहकारलाई समेत पेश्की उपलब्ध गराएको देखिएकोले पालिकाको दैनिक कार्यसञ्चालनसँग सम्बन्धित कार्यमा समेत कर्मचारी बाहेकका व्यक्तिले पेश्की लिई कार्य गराएको तथा समयमा फछ्र्यौट नगरेको नियमसम्मत देखिएन । | ५०५,००० |
|---|---|---|---|---|

| सि नं | पेश्की लिएको मिति | पेश्की विवरण | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|---|---|
| १ | २०७७/०४/०१ | भैपरी आउने पूँजीगत | टुना लाल चौधरी, वडाध्यक्ष | ५०००० |
| २ | २०७७/०४/०१ | भैपरी आउने पूँजीगत | बन्धु लाल सरबरिया, वडाध्यक्ष | ५०००० |
| ३ | २०७७/०४/०१ | भैपरी आउने पूँजीगत | रामचन्द्र महतो, वडाध्यक्ष | ५०००० |
| ४ | २०७७/०४/०१ | भैपरी आउने पूँजीगत | सुगना झागड, वडाध्यक्ष | २०००० |
| ५ | २०७७/०४/०१ | बिमा तथा नवीकरण खर्च | अजय यादव, कार्यालय सहयोगी | १५०००० |
| ६ | २०७७/०४/०१ | उपभोक्ता समितिहरूका लागि अभिमुखिकरण तालिम | बद्री नारायण खेरवार, खरिदार | ७५००० |
| ७ | २०७७/०७/०६ | कार्यक्रम खर्च | रामकृष्ण तबदार, कार्यालय सहयोगी | १००००० |
| ८ | २०७७/०७/२७ | न्यायिक समितिको विभिन्न कार्यक्रम | लखनलाल यादव, कानूनी सल्लाहकार | १०००० |
| | | | जम्मा | ५०५००० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>पेस्की रकम</th></tr><tr><td>७.२.१</td><td>पदाधिकारी र कर्मचारी पेश्की</td><td>५,०५,०००</td></tr></table></td><td></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>धरौटी र आन्तरिक नियन्त्रण</td><td></td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा सो गरेको छैन । आन्तरिक नियन्त्रण सम्बन्धित अन्य व्यहोरा निम्नानुसार रहेको छ ।<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको छैन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको छैन ।</li>
<li>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन ।</li>
<li>पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन ।</li>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गर्नका लागि PAMS प्रयोग गरेको तर पूर्णरुपमा अद्यावधिक हुन बाँकी रहेको ।</li>
<li>वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गर्न लेखापरीक्षण अविधमा शुरुवात गरिएको जानकारी प्राप्त भएको ।</li>
<li>जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।</li>
<li>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन ।</li>
<li>संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन ।</li>
<li>वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार छैन ।</li>
</ul></td><td></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन ।<br>• अधुरा आयोजना सम्बन्धमा अभिलेख रहेको छैन ।<br>• विभिन्न शिर्षकमा कर समेत कट्टी भएको रकम रु १०९५४७।०१ सम्बन्धित शिर्षक र खातामा दाखिला भएको छैन ।<br>• बैक हिसाव मिलान नियमित रुपमा नगरी वर्षान्तमा एकैपटक गर्ने गरेको । | | |
| ८.२ | | | गाउँपालिकाले आधुनिक र अद्यावधिक सूचना प्रविधिका माध्यमबाट व्यवस्थित गर्नुपर्दछ । गाउँपालिकाको सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण सम्बन्धमा लेखापरीक्षणमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन ।<br><br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको ।<br>• सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा ननराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।<br>• विगतमा के कति संख्यामा कुन प्रकारको सफ्टवेयर खरिद भएको हो सो सम्बन्धी अभिलेख नरहेको । | | |
| ८.३ | | | म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वतिका लागि सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । गाउँपालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक | | |

| | | | | |
|---|---|---|---|---|
| | | | राखे राखेको छैन । | |
| ८.४ | | | भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था रहेको छ । यस सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार मूल्याङ्कन गर्नेः  म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको  म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको  म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको | |
| ८.५ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन र नियमावली बमोजिम बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा मूल्याङ्कन गर्दा बेरुजु लगत, बेरुजुको कार्यालयगत प्रतिवेदन, बेरुजुको केन्द्रिय कार्यालयगत लगत, बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख लगायतका अभिलेख गाउँपालिकामा रहेको छैन । प्रचलित कानूनबमोजिम आवश्यक अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| ८.६ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ७ मा धरौटी व्यवस्थापन सम्बन्धी व्यवस्था रहेका छन् । गाउँपालिकाले आव ०७७।७८ को धरौटीमा रु ४०४६४९५।०१ आम्दानी बाँधेको र मौज्दात रु ८२७५९७०।२५ तर सुत्रमा आम्दानी बाँधेको रकम भन्दा म्यानुअल्ली आम्दानी बाँधेको रकम रु ९६५२५७।५१ बढी देखाएको छ । त्यसैगरी मौज्दातमा सुत्र बमोजिम रु ५०७२२६१।८८ रहेकोमा म्यानुअल्ली रु ८२७५९७०।२५ फरक रहेबाट सुत्रमा आम्दानी कम बाँधेको रु ९६५२५७।५१ र मौज्दात कम देखाएको रु ३२०३७०८।३७ समेत गर्दा जम्मा रु २२३८४५०।८६ धरौटी बराबरको रकम लेखांकन भएको छैन । गत विगतको धरौटी जिम्मेवारी नसारेको तथा धरौटी बापतको रकम धरौटी खाताको आम्दानी अद्यावधिक नहुँदा धरौटीको मौज्दात फरक परेको छ । धरौटी खाता, रकम र अभिलेखलाई गाउँपालिकाले व्यवस्थित गर्नुपर्दछ । | २,२३८,४५०.८६ |
| ९ | | | **सम्पत्ति संरक्षण र अभिलेख** | |
| ९.१ | | | गाउँपालिकाले आफ्नो कार्यक्षेत्र र क्षेत्राधिकार भित्र रहेका सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गरि राख्नुपर्नेमा यस गाउँपालिकाले साविक गाउँविकास समिति / नगर पालिकाका सम्पत्ति हस्तान्तरण गरी अभिलेख नगरेको, रहेका सम्पत्तिको प्रयोग सम्बन्धित वडा कार्यालयले गरेको र सो को व्यवस्थित अभिलेख नभएको देखिएको छ । साथै, साविकका संघीय | |

| | | | | |
|---|---|---|---|---|
| | | | विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख नराखेको र त्यस्तो कोष भएको जानकारी समेत गाउँपालिकामा नरहेको जवाफ प्राप्त भएको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ । | |
| ९.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो गरेको छैन । चल अचल सम्पत्ति, दायित्व तथा अभिलेखको व्यवस्थापनमा गाउँपालिका संवेदनशिल हुनुपर्दछ । | |
| ९.३ | | | गाउँपालिका अन्तर्तगत विविध कोषहरु सञ्चालनमा रहन सक्ने र ति कोषको सञ्चालन व्यवस्थित कार्यविधिका आधारमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहेका विपद व्यवस्थापन कोष अन्तर्गत अन्तर्गत कोरोना, बाढी आगलागी र पहिरो तथा आर्थिक सहयोग समेतका क्रियाकलाप सञ्चालन भएको देखिएको छ । पालिका अन्तर्गतका कोष मध्ये कर्मचारी कल्याण कोषमा वर्षेनी रकम विनियोजन हुने गरेतापनि गत विगतको रु १ लाख मौज्दात रहेको छ । विपद व्यवस्थापन र प्रकोप व्यवस्थापन खाता गरी दुई खाता सञ्चालनमा रहेकोमा विपद व्यवस्थापन कोष खातामा रु ३३०४१६।०० मौज्दात रहेतापनि खाता सञ्चालनमा रहेको छैन । प्रयोगमा नरहेको र उस्तै प्रकृतिका खाता बन्द गरी गाउँपालिका अन्तर्गतका कोषको सञ्चालन व्यवस्थित कार्यविधिका आधारमा गर्नुपर्दछ । | |
| ९.४ | ७७४ | २०७८-३-२३ | सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगको अवस्थामा गाउँपालिकासँग कुनै किसिमको अभिलेख रहेको छैन । गाउँपालिकामा सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बन्न नसकेको र अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरी व्यवस्थित अभिलेख गरेको छैन । गाउँपालिकाले गाउँपालिका चालु शिर्षकबाट गढी ६ अन्तर्गतका सम्पूर्ण सार्वजनिक पर्ति ऐलानी जग्गा छुट्याउने कार्यका लाग विनियोजत बजेटबाट सामुदायिक भवनको छाना मर्मत र पार्किङ्ग निर्माणका लागि रु १ लाख ५० हजार खर्च लेखेको छ । सार्वजनिक सम्पत्तिको लगत राख्ने तथा संरक्षण गर्ने गरी विनियोजित बजेटबाट अन्य शिर्षकमा संशोधन गरी खर्च लेखेको उपयुक्त भएन । सार्वजनिक सम्पति र जग्गाको अतिक्रमण सम्बन्धमा भएको छलफलमा जनाएतापनि सो को अभिलेख गाउँपालिकासँग नहुँदा गाउँपालिका अन्तर्गतका सार्वजनिक सम्पत्ति र जग्गाको तथ्यांक अद्यावधिक गर्नेतर्फ क्रियाशिल बन्नुपर्दछ । | १५०,००० |

| | | | | |
|---|---|---|---|---|
| १० | | | **कानून निर्माण र न्यायिक समिति** | |
| १०.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार गाउँपालिकाले विभिन्न २८ ऐन, कार्यविधि र नियमावली तयार गरेको छ । यि कानूनी प्रवन्ध भएतापनि गाउँपालिकाको कार्यसञ्चालनमा प्रयोगमा ल्याउने र समय समयमा अद्यावधिक गरेको छैन । गाउँपालिकाका क्रियाकलापलाई व्यवस्थित गर्नका लागि पर्याप्त कानूनी प्रवन्ध गर्ने र त्यसको परिपालना गर्नेतर्फ गाउँपालिका क्रियाशिल बन्नुपर्दछ । | |
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी विवरण सम्बन्धमा गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गत वर्षका उजुरी ४१ र यस वर्षका नयाँ समेत जम्मा ६१ मध्ये २० फछ्र्यौट भई ४१ वटा उजुरी आ व ०७८।७९ का लागि सरेको छ । न्यायिक समितिमा रहेका मुद्दा/उजुरीलाई समयमै किनारा लगाउनुपर्दछ । | |
| ११ | | | **पदाधिकारी सुविधा र स्थानीय क्षमता** | |
| ११.१ | | | पदाधिकारी सुविधा प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी कानूनमा भएको व्यवस्था बमोजिमको सीमा र विधी अनुसार भुक्तानी गर्नसक्ने व्यवस्था छ । गाउँसभाका ३४ सदस्य रहेकोमा १ जनाको मृत्युका कारण रिक्त रहेको देखिएकोमा पदाधिकारीका लागि मासिक रु ३६०००० को दरले जमेमा रु ४३२००००।०० खर्च भएको, उपाध्यक्षले मासिक रु १० हजारको दरमा र वडा सदस्यले रु २ हजार र कार्यपालिका सदस्यलाई रु २५०० यातायात खर्च उपलब्ध गराएको छ । अध्यक्ष र वडाध्यक्षले यातायात खर्च नलिएको तर वडाका लागि विनियोजित बजेटबाट ईन्धन खर्च भैरहको एवं सरकारी सवारी साधन प्रयोग गरिरहेको अवस्थामा अध्यक्ष र ६ वडाध्यक्षलाई अनुगमन भत्ताबापत क्रमश रु १० हजार र रु ४ हजार गरी वर्षभर रु ४०८०००।०० खर्च लेखेको छ । साथै, गाउँ तथा नगर सभाका सदस्यहरुको सविुधा सम्बन्धी ऐन, २०७५ को दफा ३ र ७ मा व्यवस्था भएबमोजिम गाउँपालिकाको आन्तरिक राजश्व र आम्दानीलाई विचार गरी सुविधा सम्बन्धि निर्णय लिनुपर्दछ । | ४०८,००० |

| | | | | |
|---|---|---|---|---|
| ११.२ | | | पदाधिकारी सुविधा प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी कानूनमा भएको व्यवस्था बमोजिमको सीमा र विधी अनुसार भुक्तानी गर्नसक्ने व्यवस्था छ । गाउँसभाका ३४ सदस्य रहेकोमा गाउँ तथा नगर सभाका सदस्यहरुको सविुधा सम्बन्धी ऐन, २०७५ को दफा ३ र ७ मा व्यवस्था प्रतिकुल हुने गरी पोशाक खर्चबापत रु १० हजारको दरमा रु ३४००००।०० भुक्तानि दिएकोले सम्बन्धितबाट असुल गर्नुपर्दछ । साथै गाउँपालिकाको आन्तरिक राजश्व र आम्दानीलाई विचार गरी सुविधा सम्बन्धि निर्णय लिनुपर्दछ । | ३४०,००० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ११.२.१ | ३४ जनप्रतिनिधिको रु १० हजार दरमा पोशाक खर्च | ३,४०,००० |

| | | | | |
|---|---|---|---|---|
| ११.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गरेको छैन । गाउँपालिकाले आन्तरिक श्रोत रु आन्तरिक श्रोत रु ६५ लाख ४७ हजा ४ रुपैयामात्र रहेको अवस्थामा रु ३७५७१७२।९८ विविध खर्च गरेको छ । यस अन्तर्गत विविध सामाग्री खरिद, आर्थिक सहयोग, सवारी साधन मर्मत लगायतका खर्च गरेको देखिएको छ । विविध खर्च सम्बन्धमा व्यवस्थित कार्यविधि तयार गरि गाउँपालिकाले मितव्ययीता अपनाउनुपर्दछ । | |
| ११.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि यस आर्थिक वर्षमा निम्नानुसारका शिर्षकबाट रु १११९४७०।०० शिर्षक एवं कार्यक्रमबाट समेत थप रकम आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान स्वरुप खर्च भएको छ । गाउँपालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा कर्मचारीको तलव भत्ता भुक्तानी गर्न समेत नपुग भएको कारण पुँजिगत शिर्षकबाट बहुवर्षिय योजनाबाट समेत खर्च लेखेको छ । कानूनको पालना बेगर आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्ने कार्य बन्द गर्नुपर्दछ । | १,११९,४७० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</td><td>विनियोजन</td><td>खर्च</td></tr>
<tr><td>१</td><td>अन्य सामाजिक सुरक्षा खर्च</td><td>५०००००</td><td>५०००००</td></tr>
<tr><td>२</td><td>धार्मिक तथा सांस्कृतिक संस्था सहायता</td><td>५०००००</td><td>५०००००</td></tr>
<tr><td>३</td><td>धार्मिकसांस्कृतिक चाँड पर्वको लागि सहायता</td><td>१२५०००</td><td>११९४७०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१११९४७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td>१२८</td><td>२०७७-६-२८</td><td>सामाजिक परिक्षण<br><u>सामाजिक परिक्षण</u><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले मकालु मिडिया रिसर्च एण्ड डेभलपमेन्ट प्रालीसँग आर्थिक वर्ष ०७६।७७ को सामाजिक परिक्षणका लागि मिति २०७७।६।२ मा मंसीर मसान्तभित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७७।६।२० मा प्रतिवेदन पेश गरेको निवेदनका आधारमा गाउँपालिकाले सम्झौताको १८ दिनपछि रु ४९७२०० भुक्तानी दिएको छ । सामाजिक परीक्षणका लागि छनोट भएको संस्थाको योग्यता, संस्था छनोट प्रक्रिया, परीक्षणणको क्रममा सम्झौताबमोजिम अनुगमन र समय तालिका बमोजिम कार्य भएको खुल्ने कागजात लेखापरीक्षणमा पेश भएको छैन । तोकिएको समयावधीभन्दा अगावै भएको भनिएको सामाजिक परिक्षण प्रतिवेदनको जिन्सी दाखिला नदेखिएको तथा उक्त संस्थाको भुक्तानीमा मु अ कर समेत कट्टा नगरी पुरै भुक्तानी दिएको देखिएको छ । अत सामाजिक परीक्षण कार्य तोकिए बमोजिम भए नभएको यकिन हुने प्रमाण कागजात सहित भुक्तान भएको मु अ कर रकम सम्बन्धित राजस्व कार्यालयमा करदाताको आय विवरणमा समावेश भएको प्रमाण समेत पेश गर्नुपर्दछ ।</td><td>४९७,२००</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>संगठन र कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>१३.१</td><td>१५१</td><td>२०७७-७-३</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेकोमा गाउँपालिकाले समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टरलाई</td><td>४९७,२००</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संगठन तथा व्यवस्थापन सर्वेक्षणबापत रु ४९७२००।०० भुक्तान गरेको देखिएतापनि सो को प्रतिवेदन प्राप्त गरेको छैन । प्रतिवेदन बेगर २०७६।६।२६ मा सर्वेक्षण सम्पन्न गरेको निवेदनका आधारमा भुक्तानि दिएको अनियमित देखिएको छ । | |
| १३.२ | | | कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छैन । गाउँपालिकाको स्वीकृत दरवन्दी ३१ मध्ये ८ पदपूर्ति नभएको मध्ये ३ रिक्त देखिएको छ । यसबाहेक गाउँपालिकामा स्वास्थ्यतर्फ २९ दरवन्दी रहेकोमा ३७ कार्यरत र थप १३ जना करारमा गरी ५० कर्मचारी कार्यरत रहेका छन् । अन्य विषयगत कार्यक्रम अन्तर्गत करारमा ११ र सहयोगस्तरका कर्मचारी सहित गाउँपालिकामा ७० कर्मचारी करारमा कार्यरत रहेका छन् । यसबाट गाउँपालिमा स्वीकृत दरवन्दीभन्दा ८ कर्मचारी बढी देखिएको छ । अत स्वीकृत दरवन्दिभन्दा बढी ८ र करारमा रहेका ७० समेत जम्मा ७८ लाई कार्यालयले नियमित तलव भत्ता भुक्तान गर्दा रु १ करोड ७५ लाख भन्दा बढी खर्च लेखेको छ । गाउँपालिकाको कुल आन्तरिक आय रु १६२२५३९७।०० र आन्तरिक श्रोत रु ६५ लाख ४७ हजा ४ रुपैयामात्र रहेको अवस्थामा थप सेवा सुविधा उपलव्ध गराउँदा स्थानीय तहको सक्षमता मूल्यांकन गरेर मात्रै निर्णय लिने कार्यमा गाउँपालिका संवेदनशिल बन्नुपर्दछ । | |
| १३.३ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था बमोजिम भत्ता दिँदा सम्बन्धित कानून निर्माण बेगर कार्यपालिका बैठकको निर्णयानुसार अन्य भत्ता अन्तर्गत रु १५ लाख खर्च गरेको छ । गर्दा स्थानीय तहको आय क्षमता तथा संघीय कानूनको आधारभूत सिद्वान्त पालना बेगर गाउँपालिकाले अतिरिक्त सुविधा भुक्तान गरेको उपयुक्त भएन । | |
| १३.४ | | | प्रचिलत कानून बमोजिम तलवि प्रतिवेदन पारित बेगर तलव भत्ता भुक्तान गर्न नमिल्नेमा गाउँपालिकाले यस आर्थिक वर्षमा विभिन्न कर्मचारीलाई तलव भत्ता बापत रु १४५९९९९८।४२ खर्च लेखेको छ । तलवि प्रतिवेदन पारित बेगर खर्च लेख्दा कर्मचारीको ग्रेड भुक्तान, अवकाश लगायतको अभिलेख दुरुस्त नभई तलव भत्ता भुक्तानि वास्तविक नहुन सक्छ । साथै, नियमित तलव भत्ता भुक्तान गर्दा सम्बन्धित कर्मचारीको PAN नं उल्लेख समेत गरेको छैन । तलवि प्रतिवेदन पारित बेगर तलव खर्च लेखेको उपयुक्त भएन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| १३.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वयन सम्बन्धमा गाउँपालिकाको बजेट तथा कार्यक्रम एवं कार्यपालिकाको संशोधित विवरण अनुसार फरक योजना सञ्चालनमा आएका छन् । संशोधित योजनामा पनि शिर्षक फरक गरेर भुक्तानि दिने गरेको एवं खर्चको लेखांकन गर्दा चालु र पूँजीगत शिर्षकबाट अदलबदल भई योजना तथा कार्यक्रम सञ्चालन भएबाट स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वयन गरे नगरेको यकिन गर्न सक्ने अवस्था छैन । ऐन बमोजिमको व्यवस्था पालना गर्नुपर्दछ । | |
| १४ | | | **शैक्षिक व्यवस्थापन** | |
| १४.१ | | | गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका विद्यालय, शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक राख्नुपर्ने र तलव भत्ता भुक्तानी लगायतका निकासाको अभिलेख दुरुस्त राख्नुपर्नेमा प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख भएतापनि सो को अद्यावधिक आधिकारिकता सम्बन्धमा एकिकृत तथ्यांक छैन । साथै, अभिलेख बमोजिम निकासा अभिलेख खाता छुट्टै राखेको छैन । | |
| १४.२ | | | स्थानीय तहले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने र निजी विद्यालय शुल्क निर्धारण गरी तोकिए बमोजिम भए नभएको सम्बन्धमा कुनै कागजात पेश हुन आएको छैन । साथै निजि विद्यालयको अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । कानूनबमोजिम नीजि विद्यालय सँग सम्बन्धित कार्यको मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्दछ । | |
| १५ | | | **प्रदेशतर्फका कार्यक्रम**<br>**समपूरक अनुदान प्रदेश सरकार**<br>गाउँपालिका भित्रका २ सडकमा कालोपत्रे गर्ने कार्यको लागि प्रदेश सरकारबाट रु १ करोड विनियोजन भएकोमा पालिकाले सो रकम खर्च गरेको छ।प्रदेश समपूरक साझेदारी कोष कार्यविधि २०७५ मा समपूरक बाट खर्च गरीने कार्यक्रम प्रदेश बाट ७० प्रतिशत र स्थानीय तहबाट ३० प्रतिशत व्यहोरिने गरी समपूरक कोष खडा गरी खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले उक्त रकम खर्च गर्दा समपूरक कोषमा पालिकाको ३० प्रतिशत नराखी सडक निर्माणमा प्रदेश | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरकारबाट प्राप्त शत प्रतिशत रकम मात्र खर्च गरेको छ। प्रदेश समपूरक साझेदारीको अवधारणा अनुसार लागत साझेदारी नव्यहोर्नु कानून सम्मत देखिदैन ।<br>**परामर्श सेवा**<br>पालिकाले रु १३४६८१३।– लागत अनुमान भएको १५ वेडको अस्पतालको डि.पि.आर तयारी कार्यको लागि रु १३३७०१६ लागतमा मिति ०७७।१२।२७ डि.जी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. सँग खरिद सम्झौता गरी रु १३३७०१६।– भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकारका छन :-<br>(क) लागत अनुमान:- सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,चालु वा अघिल्ला बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत आदि कुरालाई आधार लिनुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा उल्लेख छ । तर पालिकाले उपरोक्त आधार लिई लागत अनुमान तयार गरेको आधार पेश नगरेकोले परामर्श सेवाको लागत अनुमान यर्थात छ भन्न सकिने अवस्था छैन।<br>(ख) पालिकाले तयार गरेको परामर्श सेवाको लागत अनुमानमा माटो परिक्षण,यतायत खर्च,प्रस्तुतीकरण, रिर्पोट तयारी र स्टेशनरी तथा सभै इक्यूपमेट मा रु २१८०००।-रकम सोधभर्ना युक्त खर्च हुने उल्लेख गरेता पनि परामर्शदाता सँग यस डि.पि.आर तयारी कार्यको खरिद सम्झौता गर्दा उक्त कुरा उल्ले नगरेको र सोधभर्ना खर्चको यर्थात विल भपाई समेत फाटवारीमा रहेको छैन ।<br>(ग) सार्वजनिक खरिद ऐन , २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकम समेटने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दाइत्व विमा ( प्रोफेशनल ल्यावलिटिज इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ८० (७) मा उल्लेख छ । तर परामर्श दाताले यस खरिद कार्यको लागि दाइत्व विमा गराएको छैन । खरिद कानूनको पालना हुनु पर्दछ ।<br>**बाख्रा पालन समूह**<br>४२।०७८।३।२५ बाट बाख्राको साना व्यवसायीक उत्पादन केन्द्र विकास कार्यक्रम अर्न्तगत गढी बाख्रा पालन समूह सँग पालिकाले रु १५ लाख को सम्झौता गरेको छ भने उक्त समूहले लाँगर्चे एग्रो फर्म बाट १० वटा वोयर क्रस बोका को प्रति गोटा ७२०००।– को दर र बोयर क्रश पाठी २८ गोटा को प्रति गोटा २४०००।–ले रु १३९२०००।– को खरिद विल को आधारमा भुक्तानी खर्च लेखेको छ । खरिद गरिएको उक्त ३८ वटा बोका तथा पाठी १४ वटा कृषि सहकारी संस्थालाई वितरण गरेको भपाई पेश भएता पनि वितरणको उपयूक्त मापदण्ड तयार गरेको छैन । वितरण खर्चको मापदण्ड तयार गरी पालिकाले अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ। | | |
| १६ | | | **भुक्तानी बाँकीको कच्चावारी**<br>**गत बर्षको भुक्तानी** | | |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भर्पाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्यावारीमा चढाई श्रावण पन्ध्र गते भित्र कार्यालय प्रमुख र को.ले.नि.का बाट प्रमाणित गराई राख्नु पर्ने उल्लेख छ। यस पालिकाले चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पूर्व असल अभ्यासका आधारमा कच्चावारी प्रमाणित नगरी कार्यपालिकाबाट खर्च लेख्नु पर्नेमा सो नगरी निर्णय गराई गर बर्षको ७७ वटा योजनाको रु. २३९२४२९१।८५ भुक्तानी बाँकी रकम उल्लेख गरी आ.व. ०७७।०७८ मा खर्च लेखेको छ। भुक्तानी बाँकी रकम कार्यपालिका बाट निर्णय गराएले पनि असल अभ्यास का आधारमा कच्चावारी प्रमाणित नगरेको कारण गत बर्ष नै उक्त रकम योजनामा खर्च भै भुक्तानी बाँकी भएको हो या होइन एकिन गर्न सकिएन । साथै प्रत्येक बर्ष अघिल्लो बर्षको दायित्व चालु बर्षमा खर्च लेख्दा चालु बर्षको योजना तथा कार्यक्रम संचालनमा असर पर्न गई पुन प्रत्येक बर्ष भुक्तानी बाँकी रहन जाने साथै बजेट अनुमान तथा कार्यक्रम को छनौट तथा कार्यान्वयन मा जटिलता थपिने भएकोले पालिकाले यस विषयमा विशेष ध्यान दिनुपर्दछ । | |
| १७ | | | **कोभिड सम्बन्धि समग्र व्यहोरा** | |
| १७.१ | | | प्रकोप व्यवस्थापन कोष र कोरोना राकथाम कोषअन्तर्गत गत वर्षको मौज्दात रु १३६५६४६।२३ रहेकोमा यस वर्ष रु ६०४९०५०।२३ गरी जम्मा रु ७४१४६९६।२३ आम्दानीमा रु ६४९०५४२।४७ खर्च गरी रु ९२४१५३।९९ बांकी हुनु पर्नेमा रु ४४२५०८।२६ मात्र वांकी देखाएकोले घटी जिम्मेवारी सारेको रकम रु ४८१६४५।५० फरक रकमको हिसाव मिलान हुनुपर्दछ । | ३९,१३७.२४ |
| १७.२ | २५ | २०७८-२-२३ | यो वर्ष पालिकाले अस्थायी कोभिड संचालन गरि कोभिड १९ संक्रमणको उपचार रोकथाम कोरोना उपचारको लागी व्यवस्थापनमा रु४००००००।०० आर्थिक सहयोगमा रु २४०५५५।०० खाना खाजामा रु१३८२५६०।०० र जनचेतनामूलकमा रु४५१०००।०० खर्च गरेको छ । पालिकाले कोरोना रोकथाम खर्च सम्बन्धीको कार्य विधि बनाई सोहि अनुसारको खर्च गर्नुपर्नेमा कार्यविधि नबनाई खर्च लेखेको रकम उपयुक्त भएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्<br>**<u>औषधी खरिदः</u>**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्नु हुंदैन भन्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोषबाट औषधी तथा सर्जिकल सामान दरभाउपत्रद्धारा पटक पटक गरी रु.१२८९८६९।०० खर्च लेखेको छ . पालिकले औषधी खरिदहरु डव्लु. एच. ओ, जि. एम.पी. सर्टिफाइड कम्पनीबाट उत्पादित औषधी तथा सर्जिकल सामाग्रीहरु मात्र आपूर्ति गर्नुपर्ने औषधीको म्याद समाप्त मिति आपूर्ति गरिने समयदेखि कम्तीमा १ वर्षको रहनुपर्ने र औषधीको लेवलमा नेपाल सरकारबाट निशुल्क वितरणको लागि भन्ने लोगो हुनुपर्ने र औषधीको | ७४,८०० |

<table>
<tr><td></td><td></td><td></td><td>गुणस्तर सम्बन्धमा प्राविधिकले जांच गरि प्रतिवेदन पेश गर्नुपर्नेमा प्रतिवेदन पेश गरेको छैन । साथै, खरिद औषधीको प्रयोग भएको विरामी उपचार गरेको विवरण पेश नगरेकोले खर्च रकम यकिन गर्न सकिएन ।<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०५५ बमोजिम छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको जिल्लास्थित कार्यालय प्रहरी चौकीमा नेट जडान गरे वापत रु ७४८०० खरर्च लेखेको रकम नियमित दखिएन ।</td><td></td></tr>
<tr><td>१७.३</td><td>५०</td><td>२०७८-३-२५</td><td>एवन सप्लार्यसबाट १ थान मोवाइल रु२९०००।०० र १ थान एक्सेटन्सन कर्ड रु १०५००।०० र क्वालिटी टेक्नोलोजी प्रा ली बाट नेटवकींग स्वीच १ थानको रु ५८३५०।०० गरी जम्मा रु ९७८५१।०० खर्च लेखेको छ । उक्त सामान जिन्सी दाखिला गरि प्रयोग कर्ताको नाम पद बुझेको मिति समेत खुलेको प्रमाण पेश हुनु पर्दछ ।</td><td>९७,८५१</td></tr>
<tr><td>१७.४</td><td></td><td></td><td>पालिकाले प्रकोप व्यवस्थापन कोष तथा कोरोना रोकथाम खर्च सम्बन्धीको कार्य विधि बनाई सोहि अनुसारको खर्च गर्नु पर्नेमा कार्यविधि नबनाई कार्यक्रमसंग प्रत्यक्ष सम्बन्ध नभएको खर्चका बिल भपाई संलग्न गरी रु ५९९०१८।०० खर्च लेखेको रकम नियमित मान्न सकिएन । देहायका गो भा नं बाट भएका त्यस्ता खर्च लेखेको रकम निम्नानुसार छन्
<table>
<tr><td>गो भा नं र मिति</td><td>विवरण</td><td>वापत</td><td>रकम</td></tr>
<tr><td>२७।०७८।२।२७</td><td>गाउं पालिकाको ७३ र ७४ औं बैठक</td><td>खाजामा खर्च</td><td>४९०००।००</td></tr>
<tr><td>४८।०७८।३।२४</td><td>विभिन्न सामान</td><td>इलेक्टिक सामान</td><td>३९७७६७।००</td></tr>
<tr><td>५०।०७८।३।२५</td><td>पालिकाको कार्य सामान खरिद</td><td>मोबाईल लगायत</td><td>१५२२५१।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५९९०१८।००</td></tr>
</table></td><td>५९९,०१८</td></tr>
<tr><td>१७.५</td><td>४०</td><td>२०७८-३-१५</td><td>गणेश काष्ठ उद्योग दाउरा खरिद गरे वापत रु २७१०००।०० खर्च लेखेको छ । उक्त दाउराको प्रयोग र खर्च पूष्टी हुने प्रमाण पेश हुन नआएकोले खर्च रकम नियमित मान्न सकिएन ।</td><td>२७१,०००</td></tr>
<tr><td>१७.६</td><td></td><td></td><td>कोरोना भाईरस –कोभिड १९) को संक्रमण रोकथाम सम्बन्धी खर्चको विवरण लेखापरीक्षणको क्रममा विवरण माग गरेकोमा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाबाट खर्च विवरणको फाराम भरी पेश गरेको छैन । जस्ले गर्दा संक्रमित विरामी उपचाररत संख्या यकिन नभएको तर विरामीको खाना खाजा र कर्मचारीलाई खाना खाजा खुवाए वापत रु १३८२५६०।०० खर्च लेखेको छ । आइसोलेसनमा नियमित रुपमा बसेका विरामी संख्या अवधि र विरामी संख्याको दैनिक खाना खर्च आइसोलेसनमा संलग्न रहेका कर्मचारीको हाजिरी प्रमाणित विवरण समेत उल्लेख नगरी विलको आधारमा खाना खाजा वापत रु १३८२५६०।०० खर्च लेखेकोले वास्तविक खर्चको यकिन गर्न सकिएन । | |
| १७.७ | | | कोरोना भाईरल –कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ४ मा जोखिम भत्ता प्राप्त गर्नका लागि पुष्टयांई सहितको विवरण तथा कागजात संलग्न गरि दफा ६ बमोजिमको काय समक्ष पेश गर्नु पर्ने छ र ८ मा जोखिम भत्ता लागु भए नभएको र जोखिम भत्ताको दुरुप्रयोग भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नु पर्ने उल्लेख गरेको छ । साथै पालिकाले पनि संयन्त्र बनाई अनुगमन गर्नु पर्नेमा गरेको छैन। | |
| १७.८ | | | मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम ६ ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झैता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवामा आपूर्तिकर्तालाई भुक्तानी गर्दा नजलाई भुक्तानी गर्दा कर रकमको पांच प्रतिशतले हुन आउने रकम नजको रकमबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बांकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ। दिगो विकासको लागि यूवा पहल मार्फत भुक्तानी विलमा मूल्य अभिबृद्धि कर बिजक पेश नगरी अग्रीम आयकर एक दशमलव शून्य पांच प्रतिशत मात्र कर कट्टी गरेकोले घटी कर रकम रु १७०६३।२० दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ | १७,०६३ |
| १८ | | | **स्थानीय तहको आय**<br>आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०५५ को दफा २८ वमोजिम जिम्मेवार व्यक्तीले आफ्नो जिम्मा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलीपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने र भोलीपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेका भए दाखिला गर्न बांकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गरर्न लगाउने र सोभन्दा बढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रतलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । वडा कार्यालयबाट आम्दानी हुने अन्य प्रशासनिक सेवा शुल्क तथा अन्य दस्तुर नगदी रसिदबाट आम्दानी हुने रकम महिनाको अन्तिममा मात्र दाखिला गर्ने गरेकोले ऐन बमोजिम समयमै दाखिला हुनु पर्दछ।आर्थिक वर्ष २०७८।७९ को वडा नं १ बाट आम्दानी गरेको | |

<table>
<tr><td></td><td></td><td></td><td>रकम श्रावण महिनाको रु ४१२६१। ०० र भाद्र महिनाको रु २०६४५।०० जम्मा रु ६१९०६।०० यो वर्षको आम्दानीमा समावेश गरेको छ ।पालिका कार्यालयको परीसरमा २ वटा कोठाको पसल भाडा र २०७४ साल देखि गाउं पालिका स्थापना काल देखि नेपाल टेलिकमले टावर र १ कोठा प्रयोग गर्दै आएको कार्यालयको भनाई रहेको छ तर २ वटा कोठाको पसल भाडा र नेपाल टेलिकमले टावर र १ कोठाको भाडा वापतको सम्झौता सम्बन्धी लिखित प्रमाण कागजात लेखापरीक्षणमा पेश हुन नआएकोले उक्त पसल भाडा र टावर घर भाडा वापत पाउनु पर्ने रकम प्राप्त गरेको नदेखिएकोले सम्झौता भए नभएको यकिन गर्न सकिएन । यदि सम्झौता भएको भए सम्झौता अवधि देखि बांकी रहेको अवधि यकिन गरी भाडा रकम असूल गर्नेतर्फ कदम चाल्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td>३२</td><td>२०७८-३-२१</td><td>आनुपातिक कट्टी<br>अनुपातिक कट्टी नगरेको उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएको निर्माण कार्यको सम्झौता अनुसारको काम सम्पन्न नभएमा जति घटीमा काम सम्पन्न भएको हो सोही बमोजिम रकम घटाएर मात्र वाँकी रकम भुक्तानी दिनुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 मा उल्लेख छ । लागत अनुमान 1976537 भएको जनता माध्यमिक विद्यालयको दुई कोठे भवन निर्माण कार्यको लागि पालिकाले 1800000 व्यहोर्ने र उपभोक्ता समितिबाट 176537 व्यहोर्ने गरी सम्झौता भएको थियो । निर्माण सम्झौता पछि प्राविधिकद्वारा उक्त दुई कोठे भवनको रु. 1894918 को मूल्याङ्कन भएकोले सम्झौता अनुसारको पालिकाले 91% हुने रु. 1724375 मात्र व्यहोर्नु पर्नेमा सम्झौता बमोजिमको पुरै रकम रु. 1800000 निकासा दिएकोले बढी निकासा दिएको रु. 75625 विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१९.१</td><td>जनता माध्यमिक विद्यालय</td><td>७५,६२५</td></tr>
</table></td><td>७५,६२५</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>स्वास्थ्य सम्बन्धित व्यहोरा</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>आय कर ऐन, २०५८ को दफा ८७ अनुसार कुनै आय वर्षमा बासिन्दा प्राकृतिक व्यक्तिको कर योग्य आयमा सो वर्षको आय गणना गरी अनुसूचीमा तोकिए बमोजिमको अधिनमा रही करको गणना गरी पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । देहायका कर्मचारीहरुको पारिश्रमिक भुक्तानीमा १ प्रतिशत मात्र कर कट्टी गरेको देखिएकोले नपुग पारिश्रमिक कर रकम निजहरुबाट रु ३७१७०।२८ असूल गरी संचित कोषमा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।</td><td>३७,१७०</td></tr>
</table>

| कर्मचारीको नाम | बार्षिक आय | कर दायित्व | १ प्रतिशत कर कट्टी | नपुग कर रकम |
|---|---|---|---|---|
| सि.अ.हे.व श्री राजेन्द्र प्रसाद यादव | ५६६०७६।६८ | २९७१५।३३ | ५२४५।३० | २४४७० |
| सि.अ.हे.व श्री राजाराम पंडित | ५२०४३६।०० | ११५४३।६० | ४८८५।३२ | ६६५८ |
| सि.अ.न.मी श्री लिलादेवी चौधरी | ५१३९८५।०० | १०८९८।५० | ४८५६।५० | ६०४२ |
| जम्माः | | ५२१५७।४३ | १४९८७।१२ | ३७१७० |

२०.२

**औषधी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्नु हुंदैन भन्ने व्यवस्था रहेको छ । पालिकाले औषधी तथा सर्जिकल सामान पटक पटक सोझै खरिद गरी रु.१७२८६०५।७२।०० खर्च लेखेको छ . खरिद तथा आपूर्ति हुने औषधी डव्लु. एच. ओ, जि. एम.पी. सर्टिफाइड कम्पनीबाट उत्पादित औषधी तथा सर्जिकल सामाग्रीहरुको म्याद समाप्त मिति आपूर्ति गरिने समयदेखि कम्तीमा १ वर्षको रहनुपर्ने र औषधीको लेवलमा नेपाल सरकारबाट निशुल्क वितरणको लागि भन्ने लोगो हुनुपर्ने उल्लेख गरेकोमा सो अनुसारको लोगोको छाप नलगाएको र औषधीको गुणस्तर सम्बन्धमा प्राविधिकले जांच गरि प्रतिवेदन पेश नगरेको । साथौ खरिद औषधीको प्रयोग सम्बन्धी विवरण पेश नगरेकोले खर्च रकम यकिन गर्न सकिएन ।

**डाटा डिजिटाइजेशन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले २० हजार रुपैयाभन्दा बढीको खरिद कार्य गर्दा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ।साथै ८२ बमाजिम पांच लाख सम्मको परामर्श सेवा खरिद गर्नु परेमा कम्तीमा ३ वटा प्रस्ताव प्राप्त गरी सबैभन्दा उपयोगी कम मूल्य प्रस्तावसंग गुणस्तर मूल्य समेत एकिन गरी सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।दिगो विकासको लागि यूवा पहल मार्फत व्यक्तिगत घटना दर्ता किताव डिजिटाइजेशन ६ वटै वडा कार्यालयमा ३७५१४ डाटा डिजिटाइजेशन गर्ने गरी सम्झौता गरेको छ । सम्झौता बमोजिमको डाटा डिजिटाइजेशन गर्ने कार्य तोकिएकोमा के कति डाटा इन्टि गरेको हो सो खुल्ने प्रमाण

| | | | | |
|---|---|---|---|---|
| | | | पेश नगरी रु ४८७५२०।०० भुक्तानी भएको छ । नियमावलीमा भएको व्यवस्था बमाजिम हर्जना लाग्ने नलाग्ने यकिन गरी हर्जना लाग्ने भएमा हर्जना असूल हुनु पर्दछ । | |
| २०.३ | 261 | २०७८-३-२५ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९बमोजिम सार्वजनिक निकायले २० हजार रुपैयाभन्दा बढीको खरिद कार्य गर्दा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ।साथै ८२ बमाजिम पांच लाख सम्मको परामर्श सेवा खरिद गर्नु परेमा कम्तीमा ३ वटा प्रस्ताव प्राप्त गरी सबै भन्दा उपयोगी कम मूल्य प्रस्तावसंग गुणस्तर मूल्य समेत एकिन गरी सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।दर्ता शिविर सामाजिक सुरक्षा तथा व्यक्तीगत घटना दर्ता गर्ने कार्य संचालनको लागी सिलवन्दी बोलपत्र प्रस्ताव आव्हान गर्न समयको अभावको कारण देखाई गाउं पालिकाको मिति २०७८।२।१७ को बैठकको निणर्य अमानतबाट गर्ने निणर्य गरी पालिकामा कार्यरत एम आई एस शाखाका कर्मचारीबाट प्रस्ताव माग गरी उक्त कार्य अमानतबाट कार्य गराई रु ८०७३००।०० खर्च लेखेका छ ।उक्त कार्यको कार्य सम्पन्न भएको प्रमाण संलग्न गरेको छैन ।यसरी नियमावलीमा भएको व्यवस्थाको पालना नगरी गरेको खर्च नियमित मान्न सकिएन । | ८०७,३०० |
| २०.४ | | | पालिकाका पदाधिकारीहरुलाई मासिक रुपमा अनुगमन भत्ता सुविधा खर्च लेखि सकेको अवस्थामा पनि विभिन्न पदाधिकारी तथा कर्मचारीहरु कार्यक्रम संचालनमा अनुगमन तथा मूल्यांकन गरे वापत रु ७६९५०।०० खर्च लेखेकोमा अनुगमन गरे पश्चात सझाव सहितको प्रतिवेदन पेश गर्नु पर्नेमा प्रतिवेदन पेश नगरेको उक्त रकम नियमित मान्न सकिएन । | ८३,९५० |



https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो भा नं र मिति</th><th>कार्यक्रमको नाम</th><th>खर्च रकम</th><th>कर कट्टी रकम</th><th>खुद रकम</th></tr>
<tr><td>१९३।०७८।३।१२</td><td>आधारभूत तथा आकष्मिक सेवाका सुनिश्चतता</td><td>३८०००।००</td><td>५७००।००</td><td>३२३००</td></tr>
<tr><td>२०३।०७८।३।१६</td><td>पोषण अवस्थाको लेखाजोखा</td><td>५०००।००</td><td>७५०।००</td><td>४२५०</td></tr>
<tr><td>२०७।०७८।३।१५</td><td>क्षेयरोग तथा ई टि वि सम्बन्धि</td><td>२४०००।००</td><td>३६००।००</td><td>२०४००</td></tr>
<tr><td>२२३।०७८।३।२१</td><td>महिला स्वास्थ्य स्वयम सेविका वृहत पोषण प्याकेज</td><td>३००००।००</td><td>३०००।००</td><td>२७०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>83950</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.५</td><td>113</td><td>२०७७-१२-२९</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ (२ ) (क ) मा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बांकी खर्च गरी की रहेको उल्लेख गरेको छ। त्यसै गरी बजेट बांडफांडको अख्तियारी निर्देशन समेत प्रचलित ऐन नियमको पालना गरी खर्च गर्न निर्देशन दिइएको छ । पालिकाले चैत्र महिना मंहगी भत्ता रु ५०२०००।०० र पोशाक रु ४०००००।०० सम्बन्धीत खर्च शिषकमा खर्च नलेखी तलव शिर्षकमा रु ९०२०००।०० शिर्षक फरक पारी लेखेको खर्च नियमसंगत देखिएको छैन ।</td><td>९०२,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>शिक्षातर्फका व्यहोरा</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>कार्यक्रम सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने सम्झौता भएका विद्यालयहरुलाई तोकिएको काम सम्पन्न गरी विद्यालयले सो को जानकारी गराई रकम माग गरेपछि प्राविधिकहरुले निरिक्षण गरी दिएको प्रतिवेदनको आधारमा स्वीकृत कार्यक्रमको परिधि भित्र रही विद्यालयको भौतिक पूर्वाधार तर्फको रकम अनुदान दिने । यसरी अनुदान दिँदा विद्यालयसँग सम्झौता भए पश्चात</td><td>४,९९४,६६१</td></tr>
</table>

पहिलो किस्ताको रुपमा कूल अनुदान रकमको 30% रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोश्रो किस्ताको रुपमा कूल अनुदान रकमको ५०% र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कूल अनुदान रकमको २०% अनुदान दिने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/078 मा उल्लेख छ । संघीय सशर्त तर्फ विद्यालय भवन निर्माण कार्यको लागि विनियोजन भएको रकम पालिकाले सम्बन्धित विद्यालयलाई उपरोक्त कार्यक्रम पुस्तिकामा उल्लेखित व्यवस्था बमोजिम कार्य प्रगतिको आधारमा निकासा दिनुपर्नेमा सम्झौता पश्चात एकमुष्ट अनुदान निकासा दिने गरेको पाइयो । यसरी एकमुष्ट अनुदान निकासा दिएका विद्यालय मध्ये केही विद्यालयको पूर्वाधार निर्माण कार्य सम्पन्न भई फछ्र्योट भएका छन् भने तपशिलका विद्यालयलाई निकासा दिएकोमा सम्झौता बमोजिम आ.व. 077/078 मा विद्यालय भवन कार्य सम्पन्न नभई अधुरै रहेकोले कार्य सम्पन्न प्रतिवेदन पेश गरी फछ्र्योट गर्नुपर्दछ ।

| गो.भौ./मिति | विद्यालयको नाम | अनुदान निकासा रकम | कैफियत |
|---|---|---|---|
| 4/077/11/18<br>50/078/02/28<br>51/078//03/28 | गढी बाल विकास आ.वि. | 3494661 | कार्य प्रगतिको आधारमा ४ कोठे भवन निर्माण कार्यको रकम निकासा दिनु पर्नेमा रु. 4129782।०० लागत अनुमान भई पालिका बाट 3510000। निकासा दिने गरी सम्झौता भएकोमा रु. 1453278।०० को मात्र रनिङ बिल पेश भएकोमा रु. 3494661।०० निकासा भएकोले सम्झौता बमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने । |
| 33/078/03/31 | नन्दा आधारभूत विद्यालयको विद्यालय भौतिक पूर्वाधार निर्माण कार्य | 1500000 | कार्य प्रगतिको आधारमा निकासा नदिई एकमुष्ट रु. 1500000। निकासा दिएकोले सम्झौता अनुसार कार्य भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने। |
| जम्मा | | 4994661 | |

२१.२

**दिवाखाजाको निकासा भन्दा घटी खर्चः**

१६१,०८५

स्थानीय निकायले बढीमा १८० दिनको प्रति दिन रु. 15 का दरले विद्यालय खातामा अनुदान दिने, विद्यालय संचालन भएका दिनलाई आधारमानी अनुदान व्यवस्था मिलाउने, स्थानीय निकायले पहिलो निकासा दिएपछि दोश्रो थप निकासा दिनु पूर्व विद्यार्थीको हाजिर लिएर मात्र दिवाखाजाको थप रकम निकासा दिने व्यवस्था शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको प्रदेश तथा स्थानीय तहको लागि कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/078 को क्रियाकलाप नं. 2.7.11.1 मा उल्लेख छ । पालिकाले 64/077/10/19 मा 2077 मंसिर देखि ऐ फाल्गुन सम्मको दिवा खाजाको रु. 2778240 र 245/078/03/23

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मा 077 चैत्र र 2078 वैशाखको दिवा खाजाको थप रु. 824235 निकासा दिएको फाँटबारी परीक्षण गर्दा प्रथम पटक दिवा खाजाको निकासा दिएको रु 2778240 वापतको विद्यालयका विद्यार्थीको विद्यालयले पेश गरेको हाजिरी परीक्षण गर्दा निम्न विद्यालयलाई दिएको दिवा खाजा बढी निकासा भएको देखिएकोले असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ । | |

| विद्यालयको नाम | विद्यालय संचालन हुने दिन | जम्मा विद्यार्थी संख्या | विद्यालयले पेश गरेको हाजिरी | खाजा दर | खाजा वापत पाउने रकम | निकासा दिएको रकम | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| श्री मजदुर किसान मा.वि. | 80 | 124 | 6434 | 15 | 96510 | 119040 | 22530 |
| श्री राष्ट्रिय मा.वि. सत्तेरझोरा | 80 | 96 | 4273 | 15 | 64095 | 92160 | 28065 |
| श्री फौदारस्थान आ.वि. | 80 | 184 | 11278 | 15 | 169170 | 176640 | 7470 |
| श्री मा.वि. छिटाहा | 80 | 114 | 6629 | 15 | 99435 | 109440 | 10005 |
| श्री सरस्वती मा.वि. | 80 | 109 | 5750 | 15 | 86250 | 104640 | 18390 |
| श्री जनता मा.वि., हात्तीमुढा | 80 | 232 | 98873 | 15 | 148095 | 222720 | 74625 |
| जम्मा | | | | | | | 161085 |

| | | | | |
|---|---|---|---|---|
| २१.३ | 213 | २०७८-३-१९ | **फरक शिर्षक खर्चः** | १,०७९,०५४ |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाल सरकार आर्थिक संकेत तथा वर्गिकरण २०७४ ले संकेत र खर्च शिर्षक तोकी सोही बमोजिम खर्च लेख्ने व्यवस्था गरेको छ । पालिकाले सोही व्यवस्था बमोजिम स्वास्थ्य तर्फका आषाढको तलब भत्ता स्वास्थ्य तर्फको चालु खर्च शिर्षक बाट लेख्नु पर्नेमा शिक्षा तर्फको चालु खर्च शिर्षकबाट रु. 1079054 लेखेको छ । कार्यक्रम तथा खर्च शिर्षक फरक पारी खर्च लेखेको उक्त खर्च अनियमित देखिन्छ । फरक शिर्षकमा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ । | |
| २२ | | | **सशर्त कार्यक्रमतर्फ** | |
| २२.१ | 162 | २०७८-२-२ | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सादायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गर्ने, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार दर्ता गरिएका बेरोजगार संख्या ५०१ र दर्ता भएका मध्येबाट रोजगारी प्रदान गरीएको संख्या १७० जनाला ंइ Cash for Work कामका लागि पारिश्रमिकमा आधारित रोजगार रु५१७।०० का दरले पारिश्रमिक भुक्तानी गरेको छ । बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादन मुलक कार्य गराउने गरी योजना छनौट भएका छन्। श्रमिकको संख्या पनि अत्याधिक रहेको साथै निर्माण कार्यको लागत अनुमानमा मेशिनबाट कार्य गर्ने दररेट राखेकोमा डोर हाजिरमा श्रमिकको ज्याला ५१७ का दरले विल भरपाई पेश गरि कार्य गरेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्नेगरी कार्यान्वयन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडकनाला, कुलो सरसफाई बाटोमा माटो पुर्ने निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी १७० जनालाई पारिश्रमिक रु ६७८३०४०।०० खर्च गरेको छ।लक्षित वर्गलाई १० दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।यस कार्यक्रमको कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरेको सम्बन्ध देखिएका व्यहोरा देहायका छन् | ३५,९५५ |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानिय तहले श्रमिक समूहकको हाजिरि विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परिक्षण पारदर्शिता गराएको छैन ।<br>• स्थानिय तहले आफनो क्षेत्रभित्रका कार्यक्रमको सम्बन्धमा कार्यक्रमका लाभग्राहीहरुको संलग्नतामा बर्षको कम्तीमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरेका छैन ।<br>• पालिकाले आफनो क्षेत्रभित्रका सम्पूर्ण योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिएको छौन । पालिका स्तरीयले अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउदैं तोकिए बमोजिम वितरण अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान पुर्याउनु पर्ने देखिन्छ ।<br><br>**फरक शिर्षकमा खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ (२ ) (क ) मा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बांकी खर्च गरी की रहेको उल्लेख गरेको छ। त्यसै गरी बजेट बांडफांडको अख्तियारी निर्देशन समेत प्रचलित ऐन नियमको पालना गरी खर्च गर्न निर्देशन दिइएको छ । एम आई एस अपरेटर र फिल्ड सहायक दैनिक भ्रमण भत्ता तथा यातायात शिर्षकबाट १० जना पदाधिकारीलाई बैठक भत्ता वापतको रु ३५९५५।०० सम्बन्धीत खर्च शिषकमा खर्च नलेखी शिर्षक फरक पारी लेखेको खर्च नियमसंगत देखिएको छैन । | |
| २२.२ | | | सडक वोर्डबाट प्राप्त रकम तोकिए अनुसार समयमा योजना सम्पन्न गरी खर्च लेख्नु पर्दछ । कृषिबाटो देखि उत्तर स्वास्थ्य चौकी जोड्ने सडक मर्मत आर्थिक वर्ष २०७५।७६ कार्य सम्पन्न भै बांकी रहेका रकम गत वर्षको योजनाको भुक्तानी बांकीको कच्चावारी म ले प फा नं १८ प्रमाणित नगरी गत वर्षको कार्य सम्पन्न भै सकेको निर्माण कार्यको भुक्तानि गर्दा के कति कारणबाट भुक्तानी दिन बांकी रहेको हो सो नखुलाई भुक्तानी वांकीको कच्चावारी वेगर रु १९११५०।०० भुक्तानी गरेको कारण मनासिब देखिएन ।<br><br>**<u>सडक बोड अधुरो कार्य</u>**<br>गाउं पालिका वडा नं २ सम्पलाल चौधरी घर देखि विलाहा बांध जाने बाटो निर्माण कार्यको लागि मिति ०७८।१।३० मा सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता भएको थियो । निर्माण कार्य वापत उपभोक्ता समितिलाई ०७७।९।१३ मा | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रथम रनिंग विलको रु ७५६१४।०० मूल्यांकन भइ रु ५१०९०।०० भुक्तानी भएको छ भने ०७८।३ मसान्त सम्म सम्पन्न भएको छैन । सम्झौताको शर्त अनुसार अधुरो निर्माण कार्यको कार्य सम्पन्न हुनु पर्दछ । | |
| २२.३ | 201, 185, 184 | २०७८-३-१४ | **गुणस्तर परिक्षण**<br>२०१।०७८।३।१४ बाट अनुदान कार्यक्रम अन्तर्गत जिल्ला सहकारी संघ लि सुनसरीबाट विभिन्न जातका धानको विउ खरिद गरी रु ४६१८००।०० भुक्तानी खर्च लेखेको छ । प्राविधिकबाट धानको विउ गुणस्तरीय उमारशक्ती भए नभएको जांच गरी गुणस्तर युक्त भए परीक्षण प्रतिवेदन वेगर लाभग्राहीलाई वितरण गरेको प्रमाण पेश हुनु पर्दछ ।<br><br>**अनुदानमा लागत सहभागिता**<br>१८५।०७८।३।१७ बाट श्री सुरेश नर्सरी फलफूल वागवानी फर्म रौतहतबाट कागती र कटहर फलफुलको विरुवा खरिद गरे वापत रु४९६१८९।०० भुक्तानी गरेको छ । कृषक समूहले फलफूलको विरुवा खरिद लागि ५० प्रतिशत अनुदान रकम वापत रु २४८०९४।५० बराबर रकम कृषकबाट व्यहोर्नु पर्ने रकम दाखिला गरेको नदेखिएको खरिद फलफूलको लाभग्राही कृषकहरुलाई वितरण गरेको भपाई पेश नभएको र कृषकले व्यहोर्नु पर्ने रकम दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।<br><br>**फलफुल विरुवा खरिद**<br>१८४।०७८।३।७ बाट श्री विवेक फलफूल नर्सरी फर्म रौतहतबाट आंप र लिची फलफुलको विरुवा खरिद गरे वापत रु ४९९२००।०० भुक्तानी गरेको छ । कृषक समूहले फलफूलको विरुवा खरिद लागि ५० प्रतिशत अनुदान रकम वापत रु २४९६००।०० बराबर रकम कृषकबाट व्यहोर्नु पर्ने रकम दाखिला गरेको नदेखिएको खरिद फलफूलको लाभग्राही कृषकहरुलाई वितरण गरेको र रकम दाखिला हुनु पर्ने रु २४९६००।०० भपाई समेतको प्रमाण पेश हुनु पर्दछ । | ९५९,४९४ |
| २३ | | | **सामाजिक सुरक्षातर्फ** | |
| २३.१ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ के दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता लाभग्राहीको खातामा व्यवस्था सूचना प्रणालीमा दर्ता गराई बैंक मार्फत वितरण गर्नुपर्दछ। कार्यालयले वडा नं २ को सामाजिक सुरक्षा भत्ता वितरण गर्न गाउं पालिका अध्यक्षको कार्यपालिको ७३ औं बैठकको निणर्यले बैंक मार्फत वितरण गर्नेमा कोभिड १९ को ले बैंक बन्द तथा वितरण नगर्ने कारण देखाई का स प्रदीप कुमार चौधरीलाई रु ५८२९९१९।०० पेश्की उपलव्ध गराईएको छ । उक्त भत्ता बैंक बाहेक नगदै वितरण गरेको देखियो । नगदै वितरण गर्ने कार्यले रकम हिनामिनाको जोखिम रहने र निर्देशिकाको | |

<table>
<tr><td></td><td></td><td></td><td>निर्देशनको पालना नगरी स्थानीय तहको निणर्यको आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य निर्देशिका विपरीत देखिएको । यसरी नगदै वितरण गरेको भपाईमा सम्बन्धीत लाभग्राहीले नै रकम बुझेको हो होइन बास्तविकता यकिन गर्न सक्ने अवस्था देखिएन । नगद भत्ता वितरण गरी बांकी रहेको रकम रु ९४४६५।०० संघीय संचित कोषमा नगद दाखिला नगरी तेस्रो निकासामा लाभग्राहीको नाम नामेसी नखुलाई सोही बैंक खातामा नपुग रकम जम्मा गरेको हुंदा जम्मा गरेको रकम कुन लाभग्राहीको नामको खातामा जम्मा भएको सो सम्बन्धमा भएन ।<br>सामाजिक सुरक्षा भत्ता वितरणको लागि वैकमा निकासा गरेको रकमको विभिन्न कारणले निष्क्रियमा रहेको पार्किंग एकाण्टमा मौज्दात रकम समयमा फिर्ता लिनको लागि पालिकाले चौमासिक निकासा समाप्त भै अर्को चौमासिक निकासा दिनु अगावै बांकी रहेको रकम फिर्ता लिई हिसाव मिलान गरेको विवरण लिनु पर्नेमा लिएको देखिएन । आर्थिक वर्षको अन्त्यमा बैंकमा रहेको रकम फिर्ताका लागि बैंकलाई पत्राचार गरी बांकी रकम फिर्ता लिई समयमै सघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा लेखापरीक्षण अवधिसम्म पनि बैंकबाट रकम फिर्ता गरेको नदेखिएकोले पार्किंगमा के कति रकम बांकी रहेको हो सो सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ सामाजिक सुरक्षा भत्ता लाभग्राही मुत्यू पश्चात लगत कट्टा गरिनु पर्नेमा समयमा लगत कट्टा नगरी निम्न लाभग्राहीको खातामा रकम जम्मा गरेको देखिएकोले उक्त रकम कार्यविधि बमोजिम नपाउने रकम रु २४०००।०० असूल गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।
<table>
<tr><td>सि नं</td><td>नाम</td><td>किसिम</td><td>वतन</td><td>भत्ता रकम</td></tr>
<tr><td>१</td><td>श्री सकुन्ती देवी मुसहनी</td><td>बिधुवा महिला</td><td>वडा नं २</td><td>८०००</td></tr>
<tr><td>२</td><td>श्री विमला देवी मण्डल</td><td>बिधुवा महिला</td><td>वडा नं २</td><td>८०००</td></tr>
<tr><td>३</td><td>श्री किशनवती उराव</td><td>बिधुवा महिला</td><td>वडा नं २</td><td>८०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२४०००</td></tr>
</table></td><td>२४,०००</td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>सार्वजनिक सुनुवाईः</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको पाइएन । | |
| २३.४ | | | **<u>सामाजिक सुरक्षा</u>**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको फोटो सहितको नाम दर्ता र नवीकरण लगत कट्टा भत्ता वितरण लगायत कार्यविधिमा व्यवस्था गरे अनुसार पालिकाले चौमासिक रुपमा भत्ताको भुक्तानी गरि सक्नु पर्ने व्यवस्था भएको छ । पालिकाले प्रथम चौमासिक निकासाको रकम कार्तिक १९ गते, दोश्रो चैत्र १९ गते र तेश्रो असार २१ गते निकासा गरेको देखियो । कार्यविधिले तोकिएको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नु पर्दछ । यस वर्ष पालिकाले रु. ७४१२४०४०।०० भत्ता वितरण खर्च बैंकले फिर्ता गरेको रु १२४७२२।०० मिति ०७८।६।१४ मा कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा जम्मा गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्<br><br>**पारदर्शिता**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३(घ) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम वर्णानुक्रममा फोटो सहितको नाम नामेसी व्यक्तिगत परिचय पत्र नम्बर, नागरिकता नम्बर बैंक खाता नम्बरमा जम्मा भै सम्बन्धित लाभग्राहीले बुझे नबुझेको र बैंकमा बांकी रहेको रकम सहितको स्थानीय तहले पारदर्शिता प्रवद्र्धनका लागि आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए बमोजिम पालिकाले राखेको पाइएन ।<br><br>**अनुगमन प्रतिवेदन**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमनको व्यवस्था रहेको छ । सो बमोजिम पालिकाले लाभग्राहीले पाउनु पर्ने भत्ता रकम अन्य व्यक्तिले लिए नलिएको, कसैले दोहोरो हुने गरी र लाभग्राही मृतक भै बैंक खातामा बांकी रहेको रकमको फिर्ता भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । जस्ले गर्दा सामाजिक सुरक्षा भत्ता रकमको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउदैं तोकिए बमोजिम भत्ता वितरण र मुत्यू भएका व्यक्तीको लगत कट्टा गरी अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | | | | **धार्मिक कार्यमा लगानी**<br>गाउँपालिकाले समग्र भौतिक, आर्थिक तथा सामाजिक विकासमा सहयोगी हुने र दिर्घकालिन लाभका क्षेत्र पहिचान गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेमा निम्नानुसारका धार्मिक कार्यसँग सम्बन्धित टुक्रे योजनामा भुक्तानि दिएको छ । योजना छनोटको चरणमा समुदायलाई पर्याप्त अभिमुखिकरण नगरेको तथा जनप्रतिनिधिले अल्पकालिन लाभका लागि टोल क्षेत्र र समुदायको माग बमोजिम बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नु जरुरी देखिएको छ । | | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | साविक वडा नं.७ को राजाजी मन्दिरको वरण्डा तथा जमिन ढलान | ४०००00 | २१५२४५.८५ |
| २ | साविक वडा नं.६ राधाकृष्ण मन्दिर मर्मत | २५०००० | २५०००० |
| ३ | साविक वडा नं.६ दीनाभद्री मन्दिर मर्मत | १००००० | १००००० |
| ४ | साविक मधेली ८ मा अवस्थित सानो मदरसाको बाउन्ड्री बाल मर्मत | १५०००० | १५०००० |
| ५ | साविक मधेली ४ लक्ष्मनियामा अवस्थित ग्रामथान मर्मत | १००००० | १००००० |
| ६ | साविक मधेली ४ मा अवस्थित हनुमान मन्दिर मर्मत | १००००० | १००००० |
| ७ | साविक मधेली ३ को शर्मा टोल र डोरा टोलमा अवस्थित ग्रामथानहरू मर्मत | २००००० | १९६९४६.९२ |
| ८ | साविक मधेली २ मा अवस्थित दुर्गा मन्दिर मर्मत | १५०००० | १५०००० |
| ९ | साविक मधेली १ अन्तरगत कृष्ण मन्दिर निर्माण | २००००० | २००००० |
| १० | साविक छिटाहा वडा नं ९ मेहता टोल राजाजी देवस्थल घेरावेरा | ९००००० | ९००००० |
| ११ | साविक औरावनी ७ राधाकृष्ण मन्दिर निर्माण | २००००० | २००००० |
| १२ | साविक औरवनी ५ मदरसाको झ्याल ढोका निर्माण | १००००० | ९९४७१ |
| १३ | व्रहमकुमारी राजयोग मन्दिर पूर्वाधार गढी १ मछेली सुनसरी | ३००००० | ३००००० |
| १४ | विभिन्न चाँडपर्व कार्यक्रम खर्च(दुर्गा पुजाशिव रात्रि) | ५०००० | ५०००० |
| १५ | विभिन्न चाँडपर्व कार्यक्रम खर्च | १५०००० | १५०००० |
| १६ | विभिन्न चाँडपर्व कार्यक्रम खर्च | १००००० | ८४१६० |

| | | | |
|---|---|---|---|
| १७ | वडा नं.२ शिव मन्दिर निर्माण | १५०००००० | १४६२५०० |
| १८ | वडा नं.२ कालि मन्दिर निर्माण | १००००००० | ४१२०९८.७८ |
| १९ | वडा दशै तथा नव वर्ष पुजापाठ तथा अन्य कार्यक्रम | १००००० | ९८५८५ |
| २० | मुस्लिम सस्कृतिक कार्यक्रम | ३०००० | २९९०० |
| २१ | मुस्लिम समुदायको कबरगा जाने बाटोमा माटो पुरी ग्राभेल | ४००००० | ४००००० |
| २२ | फौदारथान मन्दिर निर्माण | १००००००० | ५७८०५९.६३ |
| २३ | धार्मिकसांस्कृतिक चाँड पर्वको लागि सहायता | १२५००० | ११९४७० |
| २४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५००००० | ५००००० |
| २५ | दूर्गा मन्दिर निर्माण | ३००००० | २९९११४.३२ |
| २६ | छठ पर्व प्रर्वधन कार्यक्रम | ३०००० | ३०००० |
| २७ | गढी २ भमरीको ग्रामथान निर्माण | १५०००० | १५०००० |
| २८ | गढी २ गढी टोलको ग्रामथान निर्माण | १५०००० | १४८९१० |
| २९ | गढदेव आधारभुत विद्यालयमा सरस्वती मन्दिर निर्माण | २००००० | १९८७४४.४ |
| ३० | गढदेव आधारभुत विद्यालय मर्मत संभार | १००००००० | १००००००० |
| | जम्मा | ९९३५००० | ८६७३२०६ |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **सूचना र सञ्चार खर्च** | |

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिकाले कार्यालय प्रयोजन / उद्देश्य र खर्चको परीभाषा अनुरुप भएको यकिन गरी स्विकृत नर्म्स / मापदण्ड र सीमा अनुसार मितव्ययी तवरले गर्नुपर्दछ । यस वर्ष गाउँपालिकाले छापा एवं मिडिया र विज्ञापन ऐजेन्सीलाई रु ४७००६८८ भुक्तानी दिएको देखिएको छ । गाउँपालिकाको कुल बजेटमा यसको अंश उल्लेखनिय देखिएबाट सूचना, विज्ञापन र सञ्चार खर्च बढ्दै गएको देखिन्छ । गाउँपालिकाले कार्यालय र कार्यक्रम सम्बन्धित सूचना विज्ञापन र सन्देश प्रशारण लगायतका खर्च भुक्तानि गर्दा औचित्य र आवश्यकता पुष्टि हुने गरी खर्च गर्नुपर्दछ । | |
| २६ | | | **प्रमाण कागजात र पुष्ट्याई** | |
| २६.१ | | | • ४७०।०७७।११।२३ बाट पशुपति मरर्कन्टाइन प्रा लि विराटनगरको बिलबाट ब्लान्केट ४५० पीस खरिद गरे वापत रु ४९५०२४।७५ खर्च लेखेको छ । उक्त ब्यान्केटको प्रयोजन नखुलेको साथै के कस्लाई वितरण गरेको हो सो को भपाई पेश हुनु पर्दछ । ४७१।०७७।११।२३ कार्कि इन्टरप्राईजेजबाट म्याजिक कि बोर्ड लगायत ९ आईटमको सामान खरिद गरे वापत रु ९८९८८।०० खर्च लेखेको छ । पदाधिकारी बैंठक भत्ता शिर्षकबाट शिर्षक फरक पारी खर्च लेखेको उक्त सामानको खरिद आदेश जिन्सी दाखिला र सामान बुझ्ने र बुझाउनेको भपाई समेत पेश भएको छैन । भरपाई पेश हुनुपर्दछ ।<br>• ४५७।०७७।११।१८ बाट मधेली स्वास्थ्य चौकीको नियमित कार्य संचालन व्यवस्थापन खर्च रु १०००००।०० लेखेकोमा उक्त वडा कार्यालयमा भएको खर्चका विल भपाई वेगर लेखेकोले सो को प्रमाण पेश हुनु पर्दछ । | ६९४,०१२.७५ |
| २६.२ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा वा अन्तिम भुक्तानि दिनुपूर्व रितपूर्वकका कागजातहरु श्रेस्तासाथ संलग्न भए नभएको यकिन गरी परिक्षण गर्नुपर्दछ । गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसारको विवरण बमोजिम भुक्तानि दिँदा पर्याप्त प्रमाण कागजात संलग्न गरेको नदेखिएकोले प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको छ । | १,३६५,९९२ |

| भौ नं | मिति | विवरण | रकम |
|---|---|---|---|
| ८५५ | ३। २८ | अपाङ्गता भएका व्यक्तिका लागि सहयोग सामाग्रीबापत रु ३८४९९८ भुक्तानी भएकोमा सो मध्ये रु ७३४९८ बराबरका सामाग्री वितरण भएको प्रमाण कागजात लेखापरीक्षणमा पेश हुन नआएकोले आवश्यक प्रमाण कागजात पेश गर्नुपर्दछ । | ७३४९८ |
| ६७४ | ३।६ | विद्यालयका कर्मचारी तथा बाल विकास केन्द्रका कर्मचारीलाई प्रोत्साहन भत्ता बापत २५ विद्यालयलाई रु ६ लाख १६ हजार भुक्तानि दिएकोमा सो को उपयोग तोकिएको क्षेत्रमा भएको प्रमाण, पुष्ट्याई र कागजात पेश गर्नुपर्दछ । | ६१६००० |
| १५७ | ७।६ | न्यायिक समितिको बैठक भत्ता बापत रु ९४००० भुक्तानी भएकोमा अघिल्लो आवको जेठ र असार महिनाको नियमित बैठकको भत्ता बापत रु ३७६०० समेत भुक्तान भएको छ । अघिल्लो आ व मा उक्त भत्ता भुक्तान नभएको प्रमाण आधार पेश नभएको तथा भुक्तानी बाँकीको प्रमाण समेत नरहेकोले खर्चको पुष्ट्याई हुने कागजात पेश गर्नुपर्दछ । | ३७६०० |
| १९५ | ७। २७ | ४ वटा स्वास्थ्य संस्थालाई सहायता स्वरुप रु १ लाखको दरमा रु ४ लाख खर्च लेखिएकोमा सो रकमको उपयोग तोकिए बमोजमको क्षेत्र र विषयमा खर्च भएको प्रमाण कागजात र पुष्ट्याई पेश गर्नुपर्दछ । | ४००००० |
| २६८ | ८। २९ | नेपाल विद्युत प्राधिकरण दुहवी वितरण केन्द्रलाई वडाहरुमा पोल स्थानान्तरणका लागि धरौटीबापत रु ८८८९४।४८ भुक्तानी दिएकोमा उक्त कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्दछ । | ८८८९४ |
| ७३७ | ३। २० | महिला स्वास्थ्य स्वयंसेविकालाई अवलोकन भ्रमण शिर्षकबाट ह्युमपाईप खरिद गरी पूर्वाञ्ल ह्युमपाईप एण्ड कंक्रिटलाई रु १ लाख ५० हजार भुक्तानी दिएको देखिएकोमा सो बमोजिम NP3 300mm 13 pcs NP3 600mm 1 pcs ४ व्यक्तिलाई बुझाएको भरपाई श्रेस्तासाथ संलग्न गरेको छ । उक्त ह्युम पाईपहरु कहाँ कुन प्रयोजनमा उपयोग गरिएको हो सो को प्रमाण आधार तथा पुष्ट्याई पेश गर्नुपर्दछ । | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td></td><td>जम्मा</td><td>१३६५९९२</td></tr></table> | |
| २६.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा वा अन्तिम भुक्तानि दिनुपर्व भुक्तानीसँग सम्बन्धित कागजातको पुष्ट्याई आधार र कागजात संलग्न गर्नुपर्नेमा निम्नानुसारका भुक्तानीमा सो को प्रयोजन नखुल्ने गरी भुक्तानि दिएको देखिएकोले खर्चको पुष्ट्याई हुने कागजात पेश गर्नुपर्दछ ।<br><table><tr><td>भौ नं</td><td>मिति</td><td>विवरण</td><td>रकम</td></tr><tr><td>११</td><td>५।२४</td><td>रेनकोट खरिद र वितरण</td><td>२२८७००</td></tr><tr><td>२५</td><td>५।२८</td><td>शिष्यलाल चौधरीलाई भुक्तानी</td><td>५८१००</td></tr><tr><td>२२२</td><td>७।२८</td><td>शिष्यलाल चौधरीलाई भुक्तानी</td><td>७२९५०</td></tr><tr><td>१३३</td><td>६।२९</td><td>ग्लोबल एलिना ट्राभल्स एण्ड टुर्स प्रालीको बिजक बमोजिम</td><td>४४४००</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>४०४१५०</td></tr></table> | ४०४,१५० |
| २६.४ | | | | ८४,८४७.५ |
| २७ | | | **वितरणमुखी कार्यक्रम**<br>गाउँपालिकाले पूँजी निर्माण हुने गरी अल्पकालिन तथा दिर्घकालिन योजना छनोट गर्ने र नगद तथा जिन्सी वितरणमा केन्द्रित नभै कार्यसञ्चालन गर्नुपर्नेमा यस आर्थिक वर्षमा गाउँपालिकाले योजना छनोट वा संशोधनमार्फत निम्नानुसारका वितरणमुखी कार्यक्रम सञ्चालन गरेको छ । वितरणमुखी कार्यक्रम सञ्चालन गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ । | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | उद्यमी कृषकहरूलाइ प्रोत्साहनका लागि तालिम तथा समाग्री वितरण | १००००० | १००००० |
| २ | उन्नत धान बिउमा कृषकहरूलाइ अनुदान कार्यक्रम | ४६३००० | ४६१८०० |
| ३ | दलितहरूको आय आर्जन सम्बन्धी तालिम र बाख्रा वितरण | १२५००० | १२५००० |
| ४ | पूर्ण अपांगहरूलाइ अपांगता सहायक समाग्रीहरू वितरण कार्यक्रम | ५०००० | ५०००० |
| ५ | मिनिकिट वितरण कार्यक्रम | ३००००० | ३००००० |
| ६ | युवाहरूको लागि खेल सञ्चालन तथा खेल समाग्री वितरण | ५०००० | ५०००० |
| ७ | युवाहरूलाइ खेलकुद समाग्री वितरण | ५०००० | ५०००० |
| ८ | विपन्न घर परिवारहरलाइ ग्याँस सिलिण्डर र चुलो वितरण गर्ने कार्यक्रम | ५५०००० | ९८६४९ |
| ९ | विपन्न तथा बेरोजगार परिवारलाइ सिलाइ कटाइ तालिम तथा सिलाइ कटाइ मसिन बितरण | १५०००० | १५०००० |
| १० | विभिन्न ठाउँमा पानी निकासको लागि ह्युम पाइप खरिद | २५०००० | २५०००० |
| ११ | होम पाइप खरिद | १५०००० | १५०००० |
| १२ | ह्युम पाइप खरिद | ३००००० | ३००००० |
| १३ | ह्युम पाइप खरिद | २००००० | १९९७६६.६ |
| १४ | ह्युम पाइप खरिद | ३५०००० | ३४८९६६.६ |
| १५ | ह्युम पाइप खरिद | २००००० | २००००० |
| १६ | ट्युब बेल खरिद | १०००००० | ९९७५७८ |


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| १७ | ट्युब बेल खरिद | २००००० | २००००० |
| १८ | खानेपानी ट्युबवेल खरिद | ३००००० | ३००००० |
| १९ | खानेपानी ट्युबवेल खरिद | २००००० | २००००० |
| २० | खेलकुद समाग्री वितरण | ५०००० | ४९५०० |
| २१ | खेलकुद समाग्री वितरण | ६०००० | ५९८०० |
| | जम्मा | ५०९८००० | ४६४१०६० |

२८

**संस्थामार्फत कार्यक्रम**

गाउँपालिकाले छनोट भएका योजना तथा कार्यक्रम सञ्चालन गर्दा प्रतिस्पर्धा गराउनुपर्ने, संस्थाहरुमार्फत कार्य गराउँदा प्रस्ताव माग पश्चात लागत सहभागिता सुनिश्चित हुने गरी कर विजक प्राप्त हुने गरी कार्य गर्नुपर्ने तथा एकै संस्थालाई पटक पटक एकै प्रकृतिका वा फरक प्रकृतिका कार्य गराउन नसक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्नानुसारका संस्थामार्फत यस आर्थिक वर्षमा विभिन्न कार्य गराई भुक्तानि दिएकोमा कतिपय संस्थाहरु गैरसरकारी संस्था, प्रतनिधिमुलक सामाजिक संस्था तथा मु अ करमा दर्ता भएका/नभएका संस्थासमेत रहेका छन् । गाउँपालिकाले संस्थाको उद्देश्य मिल्ने र प्रतिस्पर्धा सिमित नहुने गरी प्रचलित ऐन नियमको परिधिभित्र रहेर खरिद व्यवस्थापन गर्नुपर्दछ ।

| सि.नं. | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| १ | स्थानीय विकेन्द्रीत संगठन | १६५३९० |
| २ | सृजनशिल सामाजिक विकास संस्था | ९६८४२ |
| ३ | सामुदायिक सचेतना नेपाल | १००००० |
| ४ | सामुदायिक महिला आत्मनिर्भर सेवा केन्द्र नेपाल | ४७७६५ |
| ५ | साधना फाउन्डेसन | १९४३२८ |
| ६ | साझेदारी नेपाल | १९३९१८ |
| ७ | साझेदारी नेपाल | ४८३८७ |
| ८ | सर्भिस युवा क्लव | ३४११२९ |
| ९ | समृध्द नेतृत्व तथा जागृत मञ्च नेपाल | ४८४४० |
| १० | समिका रिसर्च एण्ड ट्रेनिङ् सेन्टर | ४९०६०० |
| ११ | संकल्प समुदायमा आधारित पुनर्स्थापना | ३७०३३५ |
| १२ | संकल्प महिला फेडेरेशन | ४७९८७ |
| १३ | श्री पिछाडिएका समाज सुधार केन्द्र | १०२७२२८ |
| १४ | शान्ति र समृद्धिका लागि युवा सुनसरी | ३९०५३३ |
| १५ | मधेली कृषक संघ | ९७०८५ |
| १६ | प्रगती जागरण मञ्च | ९६७७४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १७ | परिवर्तनका लागि हाम्रा हातहरु नेपाल (परिवर्तन नेपाल) | ४८९७९.७१ | | |
| | | | | | १८ | नेपाल राष्ट्र ग्रामिण समाज सेवा उत्थान मञ्च | ४५७४८४ | | |
| | | | | | १९ | नेपाल पिछडा वर्ग महासँग | २१७३८० | | |
| | | | | | २० | नेपाल ग्रामीण समाज सेवा उत्थान मञ्च | १४७७५ | | |
| | | | | | २१ | नेपाल आदिबासी जनजाती समन्वय परिषद | २१६५८५ | | |
| | | | | | २२ | थारू विद्यार्थी समाज | ३४४७५ | | |
| | | | | | २३ | जेष्ठ नागरिक उत्थान मञ्च | ९८६४५ | | |
| | | | | | २४ | जितेन्द्र प्रसाद प्रसाद साह प्रतिष्ठान | ४७४२३ | | |
| | | | | | २५ | जनसहभागीता केन्द्र नेपाल | ४९२५० | | |
| | | | | | २६ | जनजागरण महिला समाज संस्था | ११७९१५ | | |
| | | | | | २७ | जन विकास नेपाल | ५९७१९९ | | |
| | | | | | २८ | चन्द्रमुखी महिला फेडरेशन | १८४०३२ | | |
| | | | | | २९ | ग्रामीण विकास संचार | १५५८२ | | |
| | | | | | ३० | ग्रामीण महिला उत्थान मंच | २१८४३६ | | |
| | | | | | ३१ | ग्रामिण समाज नेपाल | १६७७८० | | |
| | | | | | ३२ | ग्रामिण जन समुदाय केन्द्र | १७२३६३ | | |
| | | | | | | | | | |

| | | |
|---|---|---|
| ३३ | अस्पताल विकास समिति कर्मचारी युनियन | १४७७५ |
| ३४ | असल जीवन र वातावरणको लागी प्रयास नेपाल | ९६७२३ |
| | जम्मा | ६५२६५४३ |

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **कर्मचारी तलव व्यवस्था** | |
| २९.१ | 42 | २०७७-५-३० | **जोखिम भत्ता भुक्तान**<br>गाउँपालिकाले कुनै पनि सेवा सुविधा भुक्तानीका लागि लागत विश्लेषण र आवश्यकताका आधारमा स्वीकृत कार्यविधि अवलम्बन गर्नुपर्दछ । गाउँपालिकाले कोरोना सम्बन्धित कार्य गरेको उल्लेख गरी स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था सम्बन्धित खर्च भुक्तानी गर्दा ५० प्रतिशत र शतप्रतिशत जोखिम भत्ताबापत ५७ कर्मचारीलाई रु ३३३३२७२।६६ उपलब्ध गराएको छ । यसरी जोखिम भत्ता उपलब्ध गराउँदा मिति २०७६।१२।११ गतेदेखि लागु हुने गरी मिति २०७७।२।२९ को गाउँपालिकाको निर्णय बमोजिम भुक्तानी गरेको उल्लेख गरेको छ । यसरी भुक्तानी गर्दा कर्मचारीलाई खटाईएको पत्र, कार्यरत संख्याको स्पष्ट विवरण र कार्य सम्पादन गरेको खुल्ने कागजात संलग्न नगरी कर्मचारी हाजिरीको आधारमा जोखिम भत्ता उपलब्ध गराएको छ । कर्मचारीलाई गत आर्थिक वर्षको दायित्व र निर्णयका आधारमा यस आर्थिक वर्षमा जोखिम भत्ता उपलब्ध गराएको उपयुक्त देखिएन । जोखिम भत्ता उपलब्ध गराउँदा लागत विश्लेषण पश्चात औचित्य पुष्टि हुने गरी कर्मचारीको संख्या, जिम्मेवारी, कार्यक्षेत्र, कार्य घण्टा तथा भत्ताको सीमा निर्धारण हुनुपर्दछ । | ३,३३३,२७२.६६ |
| २९.२ | | | भुक्तानी गर्दा प्रचलित आयकर कानून बमोजिम करकट्टी गरेर मात्रै भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले तलव भत्ता भुक्तानी गर्दाका बखतको आयकर कानूनको दफा ८७ र ८८ बमोजिम कर गणना नगरी सामाजिक सुरक्षा कर मात्र कट्टी गरेको देखिएकोले निम्नानुसारको बिवरण अनुसार सम्बन्धितबाट पारिश्रमिक कर असुल गर्नुपर्दछ । | ११,२७४ |

| क्र सं | कर्मचारी | वार्षिक पारिश्रमिक कर | कर कट्टी भएको रु | कम कर कट्टी |
|---|---|---|---|---|
| १ | विनि श्री छवि खड्का | १२५८५.५ | ५९२९.४७ | ६६५६ |
| २ | ई श्री रामप्रसाद यादव | ७०८७ | ४७७८ | २३०९ |
| ३ | आईटी अधिकृत श्री राजेश चौधरी | ७०८७ | ४७७८ | २३०९ |
| | | | जम्मा | ११२७४ |

| | | | | |
|---|---|---|---|---|
| २९.३ | 44 | २०७७-५-३० | **बढी तलव भत्ता** निजामती कर्मचारीले प्रचलित कानून बमोजिम तोकिएको दरमा पारिश्रमिक र सुविधा भुक्तानी पाउने व्यवस्था छ । गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री प्रमोद कुमार चौधरी आर्थिक वर्ष २०७६।७७ मा सरुवा भै आएको शाखा अधिकृतको तलव स्केलभन्दा २०७६ फागुनदेखि २०७७ पौष सम्मको ११ महिना प्रतिमहिना रु ४३९० रुपैया बढी तलव र रु २०७६ ग्रेड गरी मासिक रु ६४६६ ब९ तलव भत्ता भुक्तानी लिएको देखिएको छ । तोकिएको तलव स्केल भन्दा बढी तलव भत्ता सञ्चयकोष थप समेत रु ७८२३८।६० सम्बन्धितबाट असुल गर्नुपर्दछ । गाउँपालिकाले तोकिएको सेवा शर्त बाहिर गई तलव भत्ता भुक्तान गर्न बन्द गर्नुपर्दछ । | ७८,२३९ |
| २९.४ | ८३७ | २०७७-३-२५ | **कानूनी सल्लाहकार र सेवा** गाउँपालिकाले कानूनी सल्लाहकार श्री लखनलाल यादवलाई मासिक रु ३५९०० को दरमा भुक्तानी गर्दा चाडपर्व खर्च र पोशाक खर्च समेत वार्षिक रु ४७६७०० खर्च भएको छ । यसबाहेक कानूनी सल्लाहकारलाई न्यायिक समितिको हरेक बैठकमा बैठक भत्ता समेत उपलब्ध हुँदै आएको छ । गाउँपालिकाले आफ्नो आन्तरिक आय र सक्षमता विचार गरी आवश्यकता र औचित्यका आधारमा कानूनी सल्लाहकारको सेवा मितव्ययी तवरले लिनुपर्दछ । साथै, गाउँपालिकामा स्थायी प्रकृतिको कानूनी सल्लाहकार हुँदा हुँदै गाउँपालिकाले पटक पटकको अदालती प्रक्रियामा बहसका लागि अधिवक्ता श्री हेमन्तराज सापकोटालाई सेवा शुल्क बापत रु ८० हजार भुक्तान गर्दा कर कट्टीबेगर भुक्तानी गरेकोले पटके भुक्तानीमा छुट भएको कर रु १२००० सम्बन्धितबाटअसुल गर्नुपर्दछ । | १२,००० |
| २९.५ | | | **निकाय अन्तर्गतकालाई भत्ता** | |

<table>
<tr><td></td><td></td><td></td><td>गाउँपालिकाले भत्ता लगायतका भुक्तानी गर्दा गाउँपालिकाको आय अवस्था विचार गरी प्रचलित कानूनको परिधिभित्र रहेर मात्रै खर्च लेख्नुपर्दछ । यस वर्ष गाउँपालिकाले भुक्तानी गरेका विभिन्न भत्तामध्ये निम्न भत्ता वितरण गर्दा गाउँपालिकाका कर्मचारी मात्र सहभागी रहेको बैठकका लागि रु ४१२५०० भुक्तानी गरेको देखिएको छ । १२४ ६।२८ गाउँपालिकाले विभिन्न बैठकबापत पदाधिकारी र कर्मचारीलाई रु २६३००० भुक्तानी दिएकोमा बैठकका सहभागी गाउँपालिकाका कर्मचारी मात्रै रहेको देखिएकोले एकै निकाय अन्तर्गतका व्यक्ति समावेश भएको बैठकमा भत्ता भुक्तानि भएको छ । साथै, भौ नं ३०४। ९।१४ गाउँपालिकाले विभिन्न बैठकबापत पदाधिकारी र कर्मचारीलाई रु १४९५०० भुक्तानी दिएकोमा बैठकका सहभागी गाउँपालिकाका कर्मचारी मात्रै रहेको देखिएकोले एकै निकाय अन्तर्गतका व्यक्ति समावेश भएको बैठकमा भत्ता भएको छ । यस सम्बन्धमा गाउँपालिकाले वभिन्न समिति र फरक वडाका सदस्य सहभागि भएको बैठकका लागि भत्ता भुक्तानि भएको छलफलमा जनाएको छ । गाउँपालिकाले यसप्रकारका भत्ता वितरण गर्नुपूर्व खर्चको मात्र, गाउँपालिकाको आवश्यकता र खर्च क्षमता विचार गरि खर्च गर्ने प्रणालीको विकास गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>महशुलमा जरिवाना<br>जरिवाना भुक्तानी गाउँपालिकाले कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने नियमित किसिमका महशुल भुक्तानी समयमा गर्नुपर्दछ । यस आर्थिक वर्षमा गाउँपालिकाले विजुली महशुल भुक्तान गर्दा २५ प्रतिशत र १० प्रतिशत जरिवाना गरी निम्नानुसार थप रकम भुक्तानी गरेको देखिएको छ । तोकिएको समयमा महशुल भुक्तान नगरी जरिवाना तिर्ने कार्य उपयुक्त नभएकोले समयमा महशुल भुक्तानी गरि छुट लिने प्रवन्ध गर्नुपर्दछ ।
<table>
<tr><th>भौ न</th><th>मिति</th><th>विवरण</th><th>भुक्तान रकम</th><th>जरिवाना</th></tr>
<tr><td>३१८</td><td>९।१४</td><td>पानी बिजुली महशुल जरिवाना भुक्तानी</td><td>२५००००</td><td>३८७६०</td></tr>
<tr><td>२०३</td><td>५।३०</td><td>पानी बिजुली महशुल जरिवाना भुक्तानी</td><td>१७२५७९</td><td>३०६८६</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>६९४४६</td></tr>
</table></td><td>६९,४४६</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>चालूतर्फ विविध व्यहोरा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३१.१ | 381 | २०७७-१०-१२ | **फाईवर सिरक वितरण**<br>गाउँपालिकाले खरिद कार्य गर्दा खरिद योजना र स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निश्चित विधि र पद्दतिका आधारमा गर्नुपर्दछ । गाउँपालिकाले यस आर्थिक वर्षमा जय विराटेश्वर ट्रेडर्स लगायतलाई रु १९२५०२२।५ बराबरको फाईवर सिरक पटक पटक खरिद गरी त्रिपाल शिर्षकमा दाखिला गरेको छ । विभिन्न शिर्षकबाट खरिद भएको यी सिरक प्राप्त गर्ने लाभग्राही ६० वर्ष उमेर पुगेका सबै वृद्ध भएको लेखापरीक्षणको क्रममा उल्लेख भएतापिन ति लाभग्राहीको छनोट र वितरण अवस्था सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । गाउँपालिकाले कार्यकम्र सञ्चालन गर्दा लागत अनुमान स्वीकृत गरी सो को कार्ययोजना तयार नगरेको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, लाभग्राहीको छनोटको आधार र प्राथमिकता यकिन नगरेको एवं वितरण मापदण्ड तय गरेको नदिखएकोले यसप्रकारको खर्चमा गाउँपालिकाले नियन्त्रण गर्नुपर्दछ । | १,९२५,०२२.५ |
| ३१.२ | | | भुक्तानी दिनुपूर्व रीतपूर्वक भुक्तानी माग भए नभएको परीक्षण र चेकजाँच गरी नियमानुसार लेखांकन गर्नुपर्दछ । गाउँपालिकाले निम्नानुसारका खर्च लेख्दा खर्च सँग सम्बन्धित प्रयोजन र खर्चको पुष्ट्याई पर्याप्त हुने कागजात संलग्न नगरी खर्च लेखेकोले आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको छ । | ९०६,२७३ |

| भौ नं | मिति | विवरण | रकम |
| --- | --- | --- | --- |
| १६२ | ७।६ | गाउँपालिकाले कार्यक्रम खर्चबाट नवेदनका भरमा शैक्षिक सहायताबापत रु २५००० साजनकुमार चौधरीलाई अध्यक्षको तोकादेशका भरमा सिधै भुक्तानी दिएको छ । भुक्तानी दिनुपूर्व स्वीकृत कार्यक्रमबमोजिम खर्च दावी भए नभएको यकिन गर्नुपर्दछ । | २५००० |
| २४९ | ८। १६ | गाउँपालिकाले लक्ष्मी होटल ऐण्ड कोल्ड स्टोरलाई खाना खाजा बापत रु २५८४५० भुक्तानी दिएकोमा भुक्तानीसँग सम्बन्धित प्रमाण कागजात श्रेस्तासाथ समावेश गरेको छैन । खर्च भएको रकमको उपयोग तोकिएको क्षेत्रमा भएको प्रमाण, पुष्ट्याई र कागजात पेश गर्नुपर्दछ । | २५८४५० |
| १६१ | ७।६ | गाउँपालिकाले विविध खर्चबापत रु ६२२८३० भुक्तानी दिएकोमा भुक्तानीसँग सम्बन्धित प्रमाण कागजात श्रेस्तासाथ समावेश गरेको छैन । खर्च भएको रकमको उपयोग तोकिएको क्षेत्रमा भएको प्रमाण, पुष्ट्याई र कागजात पेश गर्नुपर्दछ । | ६२२८२३ |
| | | जम्मा | ९०६२७३ |

३१.३

**फरक खर्च शिर्षक**

आर्थिक कारोबार गर्दा अर्थ मन्त्रालय, महालेखानियन्त्रकद्वारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुरुप तोकिएको खर्च शिर्षकमा लेखांकन गर्नुपर्दछ । गाउँपालिकाले आर्थिक कारोबारको लेखांकन र भुक्तानी गर्दा स्वीकृत खर्च शिर्षक र सीमाभन्दा फरक हुने गरी अन्य फरक एवं बेमेल प्रकृतिका भुक्तानी गरेको अनियमित देखिएको छ । लेखापरीक्षणको क्रममा निम्नानुसारका फरक लेखांकन देखिएका छन् :

२,९९२,३२१

| भौ नं | मिति | खर्च लेखेको शिर्षक | खर्चको प्रयोजन | रकम |
|---|---|---|---|---|
| १९ | ५।२६ | कोरोना भाईरस सम्बन्धी | कार्यालय सामाग्री उपकरण र ईन्टरनेट जडान | २२६७६२ |
| ३० | ५।२८ | मसलन्द तथा कार्यालय सामाग्री | फर्निचर लगायत मर्मत | ५०००२ |
| ३७६ | १०। ११ | सञ्चार महशुल | पत्रपत्रिका छपाई | ४०६८० |
| ८५९ | ३।२८ | HSBQ खोप कार्यक्रम | विविध सामाग्री | ९९००२ |
| ८५७ | ३।२८ | सरसफाई सेवा शुल्क | विविध सामाग्री | ९९९९० |
| ९१८ | ३।२५ | पदाधिकारीको क्षमता विकास तालिम | गाउँ सभा सञ्चालन खर्च | ३०४९८० |
| ७९४ | ३।२४ | अध्यक्ष कप फुटवल प्रतियोगिता | करार तलव र विविध | ९८१३० |
| ७९० | ३।२४ | अध्यक्ष कप फुटवल प्रतियोगिता | ईन्धन खर्च | ५५११९१ |
| ७३२ | ३।१९ | स्वास्थ्य संस्थालाई सहायता | पदाधिकारीको जेठ महिना सुविधा | ३६०००० |
| ७२३ | ३।१७ | पारिश्रमिक कर्मचारी | चाडपर्व खर्च र आर्थिक सहयोग | २०००० |
| ७२२ | ३।१७ | फिल्ड भत्ता | टेलिभिजन प्रशारण | २५००० |
| ७१० | ३।१५ | कार्यालय व्यवस्थापन | आर्थिक सहयोग | २५००० |
| ७०६ | ३।१५ | शिक्षा शाखा कार्यक्रम पोशाक भत्ता | ईन्धन खर्च | ४५७५५२ |
| ५७१ | १।८ | सभा सञ्चालन खर्च | ईन्धन खर्च | ६३४०४२ |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा २९९२३३१<br>स्वीकृत कार्यक्रम र खर्चबमोजिम तोकिएको शिर्षकमा खर्च गर्ने परिपाटीको विकास गरी बजेट र खर्च परिचालनमा अनुशासन कायम गर्न गाउँपालिका संवेदनशिल बन्नुपर्दछ । | |
| ३१.४ | 159 | २०७७-७-६ | **जिन्सी दाखिला नभएको**<br>भुक्तानी दिनुपूर्व खरिद आदेश, कार्यक्रम र खर्चको आवश्यकता विचार गरी पर्याप्त प्रमाण र आधार संलग्न गर्नुपर्दछ । गाउँपालिकाले एम के पुस्तक भण्डारलाई स्टेशनरी सामाग्री बापत रु ३६५७० भुक्तानि दिएकोमा कुन कुन सामाग्री खरिद भएको हो र प्रयोजन समेत नखुलाई जिन्सी दाखिला बेगर खर्च लेखेको छ । जिन्सी दाखिला बेगर भुक्तानि दिएको सम्बन्धमा आवश्यक प्रमाण कागजात पेश गर्नुपर्दछ । | ३६,५७० |
| ३१.५ | 193 | २०७७-७-२७ | **सफ्टवेयर बापत भुक्तानी**<br>गाउँपालिकाले समाधी टेक प्रालीसँग BULK SMS (VAS) का लागि मिति २०७७।७।२४ मा सम्झौता गरेकोमा रु २९५४९५ भुक्तानि दिएको छ । सम्झौताबमोजिम तालिमबापत रु ५२५४५ समेत समावेश गरिएकोमा तालिम सम्बन्धि क्रियाकलाप सञ्चालन भएको नदिखएको तथा उक्त सफ्टवेयर कार्यालयमा प्रयोग समेत भएको नदेखिएकोले गाउँपालिकाको लगानीको उपयोग समेत भएकोछैन । गाउँपालिकाले सम्बन्धित संस्थाले तालिम कार्यक्रम सञ्चालन गरेको प्रमाण आधार पेश गर्नुपर्ने तथा उक्त सफ्टवेयर लगायत गाउँपालिकामा प्रयोगमा रहेका सफ्टवेयरको अभिलेख व्यवस्थित गरि राख्नुपर्दछ । | २९५,४९५ |
| ३२ | | | **पूँजीगत खर्चतर्फका व्यहोरा** | |
| ३२.१ | ९७ | २०७७-९-१४ | **पावर टिलर खरिद**<br>गा.पा.को कार्यालयले ५० प्रतिशत अनुदानमा पावरटिलर खरिद गरी वितरण गर्ने कार्यक्रम अनुसार प्रति पावर टिलर रु २१७०००।– को दरले १५ थान खरिद गरी सो को ५० प्रतिशतले हुने रु १६२७५००।– श्री कुवेर एण्ड सन्स ट्रेड लि इटहरी लाई भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकारका छन:-<br>(क) जम्मा १५ थान पावर टिलर खरिद गरेको उल्लेख गरेता पनि ११ थान पावर टिलर खरिद गरेको कुवेर एण्ड सन्स ट्रेड लि. इटहरीको विल पेश भएकोले सो ११ वटा पावर टिलरको प्रति थान रु २१७०००।– ले हुने २३८७०००। मा ५० | १,३०२,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिशतले हुने र ११९३५००।– मात्र पालिकाले खर्च लेख्नु पर्नेमा १५ थानको ५० प्रतिशतले हुने रु १६२७५००।– खर्च लेखेको छ। अत बाँकी ४ थान पावर टिलर खरिदको विल रु ४३४०००।– को प्रमाण पेश हुनुपर्दछ ।<br>(ख) फाँटवारीमा ११ थान पावर टिलर खरिद गरेको श्री कुवेर एण्ड सन्सको विल पेश भएता पनि ७ जनालाई मात्र प्रति जना १ थान पावर टिलर बुझिलिएको भपाई पेश भएको छ। उक्त वितरण बाँकी ४ थान पालिकामा पनि नरहेको र वितरण भपाई पनि पेश नभएकोले रु ८६८००० बराबरको सो ४ थानको ५ वितरण भपाई पेश हुनुपर्दछ । | |
| ३२.२ | | | **<u>विल विनाको प्रोभिजनल समको भुक्तानीः</u>**<br>प्रोभिजनल समको वास्तविक र यथार्थ खर्चको लागि पूर्व स्वीकृति लिएर मात्र खर्चको सोधभर्ना पाउने र त्यस प्रकारको खर्चको भुक्तानी प्राप्त गर्न Invoices, Vouchers & Accounts or Receipts for only goods जस्ता प्रमाण पेश गर्नु पर्ने भन्ने व्यवस्था सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको निर्माण कार्यको स्ट्याण्डर्ड विडिङ डकुमेन्टमा उल्लेख छ । पालिकाले निर्माण कार्य गराएका विभिन्न निर्माण कार्यका निर्माण सेवालाई रनिङ तथा अन्तिम बिलको भुक्तानी गर्दा उपरोक्त अनुसारको विल विजक वेगर तपशिल निर्माण सेवालाई रु. 116000।०० प्रोभिजनल समको रकम भुक्तानी दिएको पाइयो । यस प्रकारको खर्चको लागि पूर्वस्वीकृति लिई वास्तविक यथार्थ खर्चको कर विजकका आधारमा मात्र खर्च लेख्नु पर्नेमा सो वेगर भुक्तानी खर्च लेखेको रकम असुल हुनुपर्दछ । | ११६,००० |

| गो.भौ./मिति | निर्माणको नाम | निर्माण सेवा | प्रोभिजनल समको विवरण | विजक वेगरको पि.एल.को रकम |
|---|---|---|---|---|
| 25/078/03/09 | फौदारथान आधारभूत विद्यालय को विद्यालय भवन निर्माण कार्य | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | साइट सफा गर्ने कार्य | 2500 |
| | | | ल्याब टेष्ट | 10000 |
| 44/078/03/26 | फौदारथान आधारभूत विद्यालयको विद्यालय भवन निर्माण | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | साइट सफा गर्ने कार्य | 2500 |
| 103/077/10/05 | गढी ४ को वडा कार्यालय भवन निर्माण कार्य | समिक्षा कन्सट्रक्सन | ल्याव टेष्ट | 12500 |
| 104/077/10/05 | गढी १ तीनकुने चोक देखि उत्तर पूर्व नारायण सरको घर धनीराम प्रगति टोल देखि दक्षिण पश्चिम भरत चौधरीको घर सम्मको बाटो निर्माण कार्य | चन्द्र मोहन कन्स्ट्रक्सन | ल्याव टेष्ट | 18500 |
| 154/077/12/18 | बर्जुको सिमाना देखि वडा नं. 4 डिगिया टोलको शिव मन्दिर हुँदै वडा कार्यालय जाने सडक कालोपत्रे गर्ने कार्य | सयपत्री कन्स्ट्रक्सन | साइट सफा गर्ने कार्य | 25000 |
| | | | सूचना | 5000 |

| | | | | |
|---|---|---|---|---|
| | | | पाटी | |
| 138/077/11/06 | वडा नं. 2 कोलहर्वा वि.पि. चोक देखि सखुवारे जाने बाटोमा ग्राभेल गरी कालोपत्रे गर्ने कार्य | यशुकी निर्माण सेवा | साइट सफागर्ने कार्य | 10000 |
| | | | सूचना पाटी | 3000 |
| | | | पुरानो संरचना भत्काउने कार्य | 7000 |
| | | | | |
| 411/078/03/30 | वडा नं. 4 फौदारस्थान स्कुल देखि पश्चिम जाने बाटो कालोपत्रे कार्य | हंस निर्माण सेवा | ल्याब टेष्ट | 20000 |
| | | | जम्मा | 116000 |

| | | | | |
|---|---|---|---|---|
| ३२.३ | | | **नमिल्ने भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक नियकाले रनिंगविल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाबाट खरिद सम्झौता भई निर्माण कार्य भएका योजनाहरुको रनिंगविल वा अन्तिम विलको भुक्तानी भएको प्रमाण तथा नापी किताव परिक्षण गर्दा तपसील बमोजिम केही योजनाहरुको वास्तविक कार्य सम्पादन भन्दा बढी र केही योजनाहरुको डिटेल नापी नगरी एकमुष्ट परिमाण मात्र उल्लेख गरि भुक्तानी गरेको पाईयो । सम्झौताको शर्त प्राविधिक मूल्यांकन तथा नापी किताबमा उल्लेखित परिमाण भन्दा बढी र वास्तविक कार्य परिमाणको विस्तृत नापी नगरी एकमुष्ट कार्य परिमाणमात्र राखि भुक्तानी दिएको विवरण यस प्रकार छ । | १,२७५,७९७ |

**१३(१) गो.भौ.१३।०७७।०९।२२:-** चौधरीको घरदेखि दक्षिण रसी सीमा सम्म माटोपूरी ग्राभेल गर्ने कार्यको मूल्यांकन रु.३४००३८४।–भई उपभोक्ता समितिलाई अन्तिम विलको रु.१२८६३७६।– भुक्तानी भएको अन्तिम नापी किताव परिक्षण गर्दा माटो पूर्ने कार्य ९०० मिटरमा २९६७.७७ घ.मि.र सोही ९०० मिटर लम्बाईमा ५.५३चौडाई र १६ से.मी.उचाईको ८७०.९८घ.मि. ग्राभेल गर्ने कार्य भएकोमा पुरिएको माटो तथा विच्छयाएको ग्राभेल भएको स्थानमा २५४७ मीटर लम्बाई र ६.५०मीटर चौडाईमा १६५५५।५० ब.मी. सवग्रेड गर्ने कार्यको प्रति ब.मी.रु.२४ ले खर्च लेखेको पाईयो । सामान्यतया माटो फिलिंग र सववेस(ग्राभेल) गरेको लम्वाईमा मात्र सवग्रेडको कार्य गरेको देखाउनु पर्नेमा माटो फिलिंग र ग्राभेल गरेको लम्बाई भन्दा १६४७ मिटर बढी लम्बाईमा (६४७*६.५०) १०७०६ ब.मि.को रु.२५६९३२।– खर्च लेखिएको एकिन गर्न नसकिएको रु.२५६९३२।–

| कामको विवरण | नापी गरी खर्च लेखेको | वास्तविक खर्च भएको कार्य परिमाण | बढी परिमाण | दर | बढी रकम |
|---|---|---|---|---|---|
| चेनेज नं.०+०००देखि ०+६५५ कि.मी. कालोपत्रे सडकको दुवै तिर सववेस गर्ने कार्य | २*७८०*०.४५*०.१५<br>=१०५.३ घ.मि. | २*६५५*०.४५*०.१५<br>=८८.४३ घ.मि. | १६.८७घ.मी. | २०००।- | ३३७४०।- |
| चेनेज नं.०+०००देखि ०+६५५ कि.मी.कालोपत्रे सडक सववेस गर्ने कार्य | ७८०*५.७५*०.०८<br>=३५८.८ घ.मि. | ६५५*५.७५*०.०८<br>=३०१.३ घ.मि. | ५७.५घ.मी. | २००० | ११५००० |
| चेनेज नं.०+०००देखि ०+६५५ कि.मी. कालोपत्रे सडकमा वेसकोर्ष गर्ने कार्य | ७५८*५*०.१८<br>=६८२.५० घ.मि. | ६५५*५.*०.१८<br>=५८९ घ.मि. | ९३.५०घ.मी. | ३००० | २८०५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| चेनेज नं.०+०००देखि ०+६५५ को लम्बाईमा प्राईमकोटको कार्य | ७७५*४.५०=३४८७.५ लिटर | ६५५*४.५०=२९४८ लिटर | ५४० लिटर | १२० | ६४८०० |
| चेनेज नं.०+०००देखि ०+६५५ को लम्बाईमा ट्याककोटको कार्य | ७७५*४.५०=३४८७.५ लिटर | ६५५*४.५०=२९४८ लिटर | ५४० लिटर | ११० | ५९४०० |
| चेनेज नं.०+०००देखि ०+६५५ को लम्बाईमा प्रिमिक्स कारपेट गर्ने कार्य | ७७५*४.५०*०.०४=१३९.५ घ.मी., | ६५५*४.५०*०.०४=११७.९ घ.मी., | २१.६ मी. | ९००० | १९४४०० |
| | | | | जम्मा | ७४७८४० |

**१३ (२) १०४।०७७।१०।०५** गढी १ तीन कूने चोक देखि उत्तर पूर्व नारायण सरदार धनिराम प्रगति टोल देखि दक्षिण पश्चिम भरत चौधरीको घर सम्म जाने कालो पत्रे सडक (०+००० देखि ०+५०० कि.मि.) को रु ६८२५६१७।४१ को जम्मा अन्तिम मूल्याङ्कन गरी चन्द्र मोहन निर्माण सेवा लाई अघिलो विल बाट २१४४३९३ र १०४।०७७।१०।०५ बाट रु ४६७३२२४ समेत जम्मा रु ६८२५६१७।– भुक्तानी भएको लागत अनुमान र अन्तिम नापी किताब परिक्षण गर्दा माटो

फिलिङ्ग गर्ने कार्यको विस्तृत ल.ई र विस्तृत नापी किताबमा विस्तृत कार्य परिमाण उल्लेख गरेको पाइएन भने निर्मा घ.मि. माटो फिलिङ्ग गर्ने कार्यको प्रति घ.मि. रु ३०० ले रु ६०१५३८।– खर्च लेखेको विस्तृत नापी गरेको डिटेल सिट बेगर एकमुष्ट परिमाण मात्र खर्च लेखेको एकीन नभएको रु ६०१५३८।–

**१३ (३) ७।०७७।५।२३** गाउँपालिका वडा न-१ स्थित थलाह खोला देखि जमूवा मियाटोल र झुन्की रहरको बाटोमा ग्राभेल गर्ने कार्यको रु ४८४११९।– मूल्याङ्कन भई प्रपन्न निर्माण सेवालाई सोही रकम भुक्तानी भएको छ। भुक्तानी भएको नापी किताब परिक्षण गर्दा चेनेज खुलेको ३४० मिटरमा १६०० व.मि. माटो सम्याउने र सोही चेनेजमा ३४० मिटरमा १६७.२० घ.मि. ग्राभेल गर्ने कार्य भएको छ भने चेनेज उल्लेख नभएको ८६६.७५ मिटरमा २६०० व.मि.को प्रति व.मि. २७.१५ ले रु ७०५९० को माटो सम्याउने कार्यको भुक्तानी भएको छ। सामान्यतया ग्राभेल गर्ने चेनेज खुलेको ३४० मिटरमा मात्र सव ग्रेडको कार्य गर्नु पर्नेमा चेनेज नखुलेको स्थानमा ८६६.७५ मिटर सव ग्रेड को कार्य गरेको २६०० व.मि. को खर्च लेखेको एकीन नभएको रु ७०५९०।–

**१३ (४) ६२।०७७।७।२७** गढी २ रामजानकी मन्दिर देखि सितागंज शाखा सम्म ग्राभेल गर्ने कार्यको जम्मा रु ९५१०४९।– मूल्याङ्कन गरी दोस्रो तथा अन्तिम विल सम्म उपभोक्ता समितिलाई रु ८०८३९२।– भुक्तानी भएको छ। कार्यसम्पन्न भै भुक्तानी भएको अन्तिम विल र सम्वद्ध नापी किताब परिक्षण गर्दा माटो फिलिङ्ग तर्फ चेनेज न ०+००० देखि ०+५०० कि.मि. सम्म ९२२.३६ घ.मि. र चेनेज उल्लेख नभएको र विस्तृत नापी समेत नभएको माटो फिलिङ्ग गरेको १०२५ घ.मि. समेत जम्मा १९४७।३६ घ.मि.को प्रति घ.मि. ३३८।२८ ले रु ६५८७४६।– खर्च लेखेको पाइयो । माटो फिलिङ्ग कार्यको रु १९४७।३६ घ.मि. मध्ये चेनेज नखुलेको र विस्तृत नापी नगरी एकमूष्ट परिमाण मात्र उल्लेख गरी १०२५ घ.मि. को खर्च लेखेको एकीन नभएको र ३४६७३७।–

**१३ (५) १४९।०७७।११।१२ र १५०।०७७।११।१२** – गढी १ तीनकुने चोक देखि उत्तर पूर्व नारायण सरदार धनीराम प्रगतिटोल देखि पश्चिम भरत चौधरी को घर सम्म जाने चेनेज न ०+००० देखि ०+५०० कि.मि. सम्मको बाटो कालोपत्रे कार्यको लागि ६८२८९४० (ल.ई भन्दा ३६.२५ प्रतिशत घटी) मा चन्द्र मोहन कन्सट्रक्सन सँग सम्झौता गरी कार्य गराए पश्चात बचत रहेको रकमबाट पालिकाले तीनकुने चोक देखि उत्तर सुन्दर लाल चौधरीको घर सम्म एउटै चेनेजमा थप ५० मिटर कालोपत्रे गर्ने कार्य लागत अनुमान भन्दा ०.३१ प्रतिशत घटीमा सोही चन्द्र मोहन कन्सट्रक्सन सँग रु ४९९४८०। रकममा र सोही चेनेजमा थप ५२ मिटर कालोपत्रे गर्ने कार्यको लागि लागत अनुमान भन्दा ०.११ प्रतिशत घटी रु ४९९४८०।– रकममा रोशन कन्सट्रक्सन सँग सम्झौता गरी निर्माण कार्य वापत क्रमश रु ४९८१६१ र रु ४९७८९७।– भुक्तानी गरेको पाइयो। Construction Management मा निर्माण कार्यको चरणमा थप कार्य गराउनु परेमा शुरु निर्माण कार्यको निर्माण सेवा सँग भएको सम्झौता अनुसार लागत अनुमान भन्दा जती प्रतिशत घटीमा ठेक्का सम्झौता भएको थियो

| | | | | |
|---|---|---|---|---|
| | | | सोही प्रतिशत घटाई भेरीएशन मार्फत थप कार्य गराउनु पर्नेमा भेरीएशन नगरी लागत अनुसार को हाराहारी ( ल.ई. भन्दा घटी क्रमश ०.३१ र ०.११प्रतिशत घटी) मा कोटेशन मार्फत प्रतिश्पर्धा छल्ने उद्देश्यले कार्य गरेको कारण पालिका लाई उपरोक्त थप कार्य बाट क्रमश रु १७८७९५ र रु १७९९४०।– गरी उपरोक्त १०२ कि.मि. सडक कालो पत्रे कार्यमा जम्मा रु ३५८७३५।– को व्ययभार पर्न गएको छ। यस सम्बन्धमा सम्बद्ध लाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ३२.४ | | | **भेरिएशन बेगरको थप कार्य :-**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा निर्माण कार्यको ड्रइंग/डिजाईन तथा लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएशन गर्न सक्ने व्यवस्था छ । पालिकाले कवोल अंक ४२५४४९५६।–(ल.ई.भन्दा २७.१५प्र.श.घटी) भएको पालिकाको प्रशासनिक भवन निर्माण कार्यको लागि तुलसीभक्त कला जे.भी. विराटनगर-१२ सँग मिति २०७७।२।२९ मा सम्झौता भै निर्माण कार्य भएको छ । निर्माण सेवालाई आ.व.०७८ आषाढ मसान्त सम्म दोस्रो विल सम्म रु.२१९६०२४७।– रकम भुक्तानी भएको रनिंगविल,नापी किताव र डिजाईन स्टीमेट परिक्षण गर्दा सुरुको डिजाईन तथा स्टीमेटमा जगमा आईसोलेटेड फण्डेसन गर्ने कार्य रहेकोमा र्याफ्ट फण्डेसन को कार्य गरी सूरु लागत अनुमानमा नभएको निम्न आईटमको परिमाण बढ्न गएको कारण रु.५९१४५२३।– बढी खर्च देखिएकोमा पालिकाले भेरिएशन आदेश स्वीकृत गरेको छैन । पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई थप कार्यको भेरिएश आदेश मार्फत कार्य गर्नुपर्नेमा सो वेगर गरेको कार्य अनियमित देखिएको छ । | ५,९१४,२२३ |

| फण्डेसन तर्फ थप कामको विवरण | सूरु लागत अनुमान अनुसारको आईसोलेटेड फण्डेसन अनुसारको कार्य परिमाण | स्याफ्ट फण्डेसन गर्दाको बृद्वि भएको कार्य परिमाण | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| माटोको कार्य | १३२०।६३ घ.मि. | १३९२।०२ घ.मि. | ७१.३९ घ.मी. | २०० | १४२७८ |
| वोल्डर सोलिंग कार्य | १०८।७८ घ.मि. | १३९।२० घ.मि. | ३०.४२ घ.मि | ६५० | १९७७३ |
| पि.सि.सि.कार्य | ५४.३९ घ.मि. | ५९.६० घ.मि. | ५.२१ घ.मि. | ९५०० | ४९४०० |
| आर.सि.सि.कार्य | ४९८.९९घ.मि. | ५६१.७४घ.मि. | ६२.७५घ.मि. | ११५०० | ७२१६२५ |
| फलामे डण्डी | - | ५८०६१।९०के.जी. | ५८०६१। ९० केजी | ८८ | ५१०९४४७ |
| | | | | जम्मा | ५९१४५२३ |

३२.५ **नमिल्ने भुक्तानी** १,२७५,७९७

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक नियकाले रनिंगविल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाबाट खरिद सम्झौता भई निर्माण कार्य भएका योजनाहरुको रनिंगविल वा अन्तिम विलको भुक्तानी भएको प्रमाण तथा नापी किताव परिक्षण गर्दा तपसील बमोजिम केही योजनाहरुको वास्तविक कार्य सम्पादन भन्दा बढी र केही योजनाहरुको डिटेल नापी नगरी एकमुष्ट परिमाण मात्र उल्लेख गरि भुक्तानी गरेको पाईयो । सम्झौताको शर्त प्राविधिक मूल्यांकन तथा नापी किताबमा उल्लेखित परिमाण भन्दा बढी र वास्तविक कार्य परिमाणको विस्तृत नापी नगरी एकमुष्ट कार्य परिमाणमात्र राखि भुक्तानी दिएको विवरण यस प्रकार छ ।

**१३(१) गो.भौं.८७।०७७।०९।०६**:-कौसिक मन्दिर निर्माण कार्यको अन्तिम नापी गरी कुल मूल्यांकन रु.५९०४६१।–मध्ये उपभोक्ता समितिलाई रु.५०००००।– भुक्तानी भएको रनिंगविल र सम्वद्ध नापी किताव परिक्षण गर्दा ५.१०मिटर लम्वाई ०.०८मि. चौडाई र ०.१०मि. उचाईको सालको काठको चौकोटको ०.०४०८ क्यूविक मिटरको रु.२६३०७६।०४ का दरले रु.१०७३४ मात्र खर्च लेख्नु पर्नेमा ०.३८ क्यूविक मिटरको रु.१००६२७।– खर्च लेखेकोले नभएको कामको ०.३३९२ क्यूविक मिटरको बढी खर्च लेखेको सम्वन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु८९२३५।–

**१३(२) कवोल अंक रु.९७०१८८३।**– भएको शुक्रहाट देखी उत्तर सत्तेरझोरा ५,६जोड्ने सडकमा कालोपत्रे गर्ने कार्यको मिति २०७७।०९।२७ मा निर्माण कार्य सम्पन्न गरेको देखाई जम्मा रु.६६४४६३६।– मूल्यांकन भएको मध्ये १५२।०७७। १२।०८ बाट अन्तिम विलबाट सौरभ निर्माणसेवा लाई रु.३८६१४९०।– भुक्तानि भई अन्तिम विल सम्म रु.६६४४६३६।– भुक्तानी भएको छ । यस सम्पन्न भएको सडकको अन्तिम नापी किताव परिक्षण गर्दा तपसीलको कार्यमा वास्तविक कार्य सम्पादन भएको भन्दा बढी कार्यको भुक्तानी दिईएकोले असुल उपर हुनु पर्ने रु.७४७७८०।–


https://nams.oag.gov.np

| कामको विवरण | नापी गरी खर्च लेखेको | वास्तविक खर्च भएको कार्य परिमाण | बढी परिमाण | दर | बढी रकम |
|---|---|---|---|---|---|
| चेनेज नं.०+०००देखि ०+६५५ कि.मी. कालोपत्रे सडकको दुवै तिर सववेस गर्ने कार्य | २*७८०*०.४५*०.१५<br>=१०५.३ घ.मि. | २*६५५*०.४५*०.१५<br>=८८.४३ घ.मि. | १६.८७घ.मी. | २०००।- | ३३७४०।- |
| चेनेज नं.०+०००देखि ०+६५५ कि.मी.कालोपत्रे सडक सववेस गर्ने कार्य | ७८०*५.७५*०.०८<br>=३५८.८ घ.मि. | ६५५*५.७५*०.०८<br>=३०१.३ घ.मि. | ५७.५घ.मी. | २००० | ११५००० |
| चेनेज नं.०+०००देखि ०+६५५ कि.मी. कालोपत्रे सडकमा वेसकोर्ष गर्ने कार्य | ७५८*५*०.१८<br>=६८२.५० घ.मि. | ६५५*५.*०.१८<br>=५८९ घ.मि. | ९३.५०घ.मी. | ३००० | २८०५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| चेनेज नं.०+०००देखि ०+६५५ को लम्बाईमा प्राईमकोटको कार्य | ७७५*४.५०=३४८७.५ लिटर | ६५५*४.५०=२९४८ लिटर | ५४० लिटर | १२० | ६४८०० |
| चेनेज नं.०+०००देखि ०+६५५ को लम्बाईमा ट्याककोटको कार्य | ७७५*४.५०=३४८७.५ लिटर | ६५५*४.५०=२९४८ लिटर | ५४० लिटर | ११० | ५९४०० |
| चेनेज नं.०+०००देखि ०+६५५ को लम्बाईमा प्रिमिक्स कारपेट गर्ने कार्य | ७७५*४.५०*०.०४=१३९.५ घ.मी., | ६५५*४.५०*०.०४=११७.९ घ.मी., | २१.६ मी. | ९००० | १९४४०० |
| | | | | जम्मा | ७४७८४० |

**१३ (३) १४४।०७७।११।१८ र २४७।०७८।३।१३** गढी ५ कृषि बाटो देखि दक्षिण वडा अध्यक्षको घर सम्म जाने बाटो कालोपत्रे गर्ने कार्यको हंस निर्माण सेवाले गरेको कार्यको पालिकाले रु. ७११७१६६।– मूल्याङ्कन गरेको मध्ये प्रथम विल बाट ३४०९०५७।– र दोस्रो तथा अन्तिम विल बाट रु ३७०८१०९।– भुक्तानी भएको छ। कार्य सम्पन्न भएको यस सडक


https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निर्माण कार्यको अन्तिम नापी किताब परिक्षण गर्दा तपसिल बमोजिमको कार्यको बढी परिमाणको नापी गरी भुक्तानी दिएकोले वास्तविक कार्य सम्पन्न भएको भन्दा बढी भुक्तानी भएको रकम असूल हुनु पर्ने रु ४०७८२९।– | | |

| सि.नं. | निर्माण कार्यको विवरण | अन्तिम मूल्याङ्कन गरी खर्च लेखेको कार्य परिमाण | वास्तविक खर्च लेख्नुपर्ने कार्य परिमाण | बढी परिमाण | दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| १ | चेनेज न०+०००देखि०+७५० कि.मि.मा सव वेस कार्य | ८२९x५.२२x०.१०=४३२.७३ घ.मि. | ७५०X५.२२x०.१०=३९१.५ घ.मि. | ४१.२३ घ.मि | १२०० | ४९४७६।- |
| २ | चेनेज न ०+०००देखि०+७५० कि.मि.मा वेस कोष कार्य | ८२९x४.२२x०.१८=६३० घ.मि. | ७५०X४.२२x०.१८=५६९.७ घ.मि. | ६०.३ घ.मि | २००० | १२०६००।– |
| ३ | चेनेज न०+०००देखि०+७५० कि.मि.मा टयाक कोट कार्य | ८२९.५०x५.२२=३४९ लिटर | ७५०X४.२२=३१६५ लिटर | ३३३ लिटर | १०० | ३३३००।- |
| ४ | चेनेज न०+०००देखि०+७५० कि.मि.मा प्राइम कोट कार्य | ८२९.५०x४=३३१८ लिटर | ७५०X४=३००० लिटर | ३१८ लिटर | १०० | ३१८००।- |
| ५ | चेनेज न०+०००देखि०+ ७५० कि.मि.मा प्रिमिक्स कोट कार्य | ८२९.५०x३.९५x०.०३=९८.३० घ.मि. | ७५०X३.९५x०.०३=८८.८८ घ.मि. | ९.४२ घ.मि. | १५००० | १४१३००।- |
| ६ | चेनेज न०+००० देखि० +७५० कि.मि.मा | ८२९.५०x३.९५=३२७६.६३ व.मि. | ७५०X३.९५=२९६३ व.मि. | ३१४ व.मि. | १०० | ३१३५३।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सेन्डसिल कार्य | | | | | |
| जम्मा | | | | | | ४०७८२९।- |

| | | | | |
|---|---|---|---|---|
| | | | **१३ (४) ३४४।०७८।३।२५-** कामको रु१७७१७५।– मूल्याङ्कन भएको गुराँस चौक देखि पूर्व उत्तर जाने शत्रुधन चौधरीको घर देखि विनय चौधरीको घर सम्मको बाटो ग्राभेल गर्ने कार्यको उपभोक्ता समितिलाई रु १४९७१३।– भुक्तानी भएको छ। उक्त सडकमा चेनेज न -०+१०० देखी ०+२०० सम्म १०० मिटर लम्बाइमा माटो फिलिङ्ग गर्ने कार्य को लागि ६९.४० घ. (१००x३.४७x०.२०=६९.४० घ.मि.) को प्रति घ.मि. ४१९.२६ ले रु २९०९७ खर्च लेख्नु पर्नेमा १५० मिटर को लम्बाइमा १०४ घ.मि.फिलिम गरेको देखाई रु ४३६०३।– खर्च लेखेकोले बढी खर्च लेखेको रु १४५०६।– असूल हुनुपर्ने रु १४५०६।–<br>**१३ (५) ३५०।०७८।३।२५** –कामको रु ४७१२७३।– मूल्याङ्कन भएको मुस्लीम समूदायको कबरगा जाने बाटो ग्राभेल गर्ने कार्यको उपभोक्ता समितिलाई रु ४०००००।– भुक्तानी भएको छ। उक्त सडकमा चेनेज न ०+०१५१ देखि ०+२५० कि.मि. सम्म ९९ मिटर को लम्बाइमा माटो फिलिङ्ग गर्ने कार्यको लागी ११२.८६ घ.मी. (९९X२x०.५७=११२.८६ घ.मि.) को प्रति घ.मी. रु ३५१.४६ ले खर्च लेख्नु पर्नेमा २५० मिटर लम्वाइमा २८५ घ.मि. फिलिङ्ग कार्य गरेको देखाघ खर्च लेख्दा नभएको १७२ घ.मि. फिलिङ्ग कार्यको रु ६०५००।– बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु ६०५००।–<br>**१३ (६) ६।०७७।५।२३** गढी गा.पा. बाट थलाखोला जमूनाह रोड देखि झुन्की सम्म को सडकमा माटो पुरी ग्राभेल गर्ने कार्यको प्राविधिकबाट रु. ४८४८९१।– मूल्याङ्कन भए बमोजिम पालिकाले यादव निर्माण सेवालाई रु ४८४८९१।– भुक्तानी दिएको छ। उक्त सडक निर्माण कार्यको ५१०मिटर लम्बाइमा नापी किताब अनुसार सव बेस कार्यको १८३.६० घ.मि. (५१०X३x०.१२=१८३.६० घ.मि.) को प्रति घ.मि. १८५७ ले खर्च लेख्नु पर्नेमा १९१.१० घ.मि को खर्च लेखेकोले नभएको ७.५ घ.मि. सब बेस कार्यको बढी खर्च लेखेको असूल हुनु पर्ने रु १३९२८।– | |
| ३२.६ | | | **मूल्य अभिवृद्धिकर कट्टी नगरेको** मूल्य अभिवृद्धि कर नियमावली, 2053 को नियम ६(ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तरगत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५०% ले हुन आउने रकम (2078 जेष्ठ पछिको भुक्तानीमा ३०%) निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले मूल्य अभिवृद्धि करको शत प्रतिशत नै | ७३९,८३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तपशिलका फर्मलाई भुक्तानी दिएकोले सो को 50/30 प्रतिशत सम्बन्धितको कर विवरणमा समावेश भएको प्रमाण पेश हुनुपर्दछ । | | |

| गो.भौ./मिति | फर्मको नाम | विल रकम | मू.अ.कर रकम | 50/30 प्रतिशत मू.अ.कर रकम |
|---|---|---|---|---|
| 9/077/11।26 | खुश्बु इन्टरप्राइजेज परिवर्तनका लागि हाम्रा हातहरु | 265265 | 34484 | 17242 |
| 27/078/03/21 | | 43938 | 5712 | 2856 |
| 224/078/03/29 | रिद्धिसिद्धि इन्टरप्राइजेज | 861263 | 111964 | 33589 |
| 59/077/07/23 | ए.के. कन्स्ट्रक्सन | 1241035 | 161335 | 80668 |
| 61/077/007/26 | क्वालिटी टेक्नोलोजी | 235575 | 30625 | 15313 |
| 72/077/08/14 | मलंग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | 429218 | 55798 | 27899 |
| 77/077/08/24 | ओम ट्रेडर्स | 442206 | 57487 | 28744 |
| 78/077/08/14 | कुन्ती हार्डवेयर | 440606 | 57279 | 28640 |
| 80/077/08/30 | पूर्वाञ्चल ह्युमपाइप एण्ड कंक्रिट इन्डस्ट्रिज | 168820 | 21947 | 10974 |
| 88/077/09/07 | श्री लक्ष्मी कन्स्ट्रक्सन | 430114 | 55914 | 27957 |
| 91/077/09/09 | क्वालीटी टेक्नोलोजी प्रा.लि. | 1596549 | 207551 | 103776 |
| 132/077/10/25 | अरुण एण्ड ब्रदर्स प्रा.लि. | १२६१०६ | 16394 | 8197 |
| 147/077/11/19 | जय श्री राम कंक्रिट इण्डस्ट्रिज प्रा.लि. | 265500 | 34515 | 17258 |
| 166/078/01/07 | पवित्रम इन्फोसिस | 106194 | 13805 | 6903 |
| 185/078/01/22 | माँ जाल्पा सप्लायर्स | 1326750 | 162478 | 81239 |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| 197/078/02/13 | डि.जि. इन्जिनियरिङ कन्सल्टेन्सी | 591600 | 76908 | 38454 |
| 198/078/02/14 | पूर्वाञ्चल ह्युमपाइप एण्ड कंक्रिट इन्डस्ट्रिज | 308820 | 40146 | 20073 |
| 200/078/02/17 | विराट लक्ष्मी फर्निचर उद्योग | ३०६२५० | ३९८१३ | ११९४४ |
| २०१।०७८।२। १७ | अरुण काष्ठ तथा फर्निचर उद्योग | ४३२००० | ५६१६० | १६८४८ |
| 204/078/02/20 | पूर्वाञ्चल ह्युमपाइप एण्ड कंक्रिट इन्डस्ट्रिज | 441005 | 57331 | 17199 |
| 206/078/02/26 | तिरुपति अटो प्यालेस | 265309 | 34490 | 10347 |
| 210/078/02/27 | जे.पी. मिडिया प्रा.लि. | 274400 | 35672 | 10702 |
| 244/078/03/06 | विल्डर नवाव फ्युचर | 430629 | 55982 | 16795 |
| 226/078/03/07 | श्री राम कंक्रिट इण्डस्ट्रिज प्रा.लि. | 159000 | 20670 | 6201 |
| 229/078/03/08 | खनार लक्ष्मी इन्टरप्राइजेज | 176249 | 22912 | 6874 |
| 238/078/03/08 | ओम ट्रेडर्स | 440750 | 57298 | 17189 |
| 239/078/03/08 | डि.जि.इन्जिनियरिङ कन्सल्टेन्सी | 591600 | 76908 | 23072 |
| 251/078/03/15 | पूर्वाञ्चल ह्युमपाइप एण्ड कंक्रिट इन्डस्ट्रिज | 175880 | 22864 | 6859 |
| 271/078/03/20 | आर्यन सर्जिकल हाउस | 437610 | 56889 | 17067 |
| 295/078/03/22 | जय श्री राम इम्पोरियम | 389380 | 50619 | 15186 |
| 358/078/03/25 | श्री राम कंक्रिट इण्डस्ट्रिज प्रा.लि. | 126000 | 16510 | 4953 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | 364/078/03/25 सांग्रिला इन्फरमेटिभ प्रा.लि. 226160 29400 8820<br>जम्मा 739838 | | |
| ३२.७ | | | **अधुरो निर्माण कार्य**<br>पालिकाको प्रशासनिक भवनको कम्पाउण्डवाल निर्माण कार्यको लागि ए.के. कन्सट्रक्सन भोक्राहा-२सुनसरी सँग रु.५७६७३३४।–(ल.ई.भन्दा ३९.२० प्र.श.घटी) लागतमा मिति २०७६।१०।१९ मा भएको सम्झौता अनुसार निर्माण कार्य २०७७ जेष्ठ मसान्तमा सम्पन्न गर्नुपर्नेमा कार्यतालिका अनुसार कार्य नगरी विलम्व गरेको भएता पनि पालिकाले प्रथम पटक २०७७ आषाढ मसान्त सम्मको पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको पाईयो । त्यसपछी निर्माण सेवाले पून:म्याद थप माग नगरेको र पालिकाबाट समेत यस सम्वन्धमा कुनै कार्वाही नभई म्याद थप अविधि सम्मपनि निर्माण कार्य अधुरै रहेको र निर्माणसेवा लाई कम्पाउण्डवाल निर्माण कार्यवापत दोस्रो विल सम्म रु.२३९१६९८।–भुक्तानी भै सकेको छ भने प्रभु बैंक लि. वाट जारी भएको मिति २०२२-०४-०१सम्म म्याद भएको रु.१४३६०००।–रकमको कार्य सम्पादन जमानत पेश भएको देखिन्छ । म्याद थप अवधि समाप्त भएको,पून:म्यादथप माग नगरेको र तत् पश्चात निर्माणकार्य लाई अधुरै रहेकोले सार्वजनिक खरिद नियमावलि,२०६४ को नियम १२८ तथा सम्झौताको शर्त बमोजिम कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । | | |
| ३२.८ | १७७ | २०७७-१०-१८ | **पूर्वनिर्धारित क्षतिपूर्तिः**<br>**(123/077/10/18)** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 121 मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशत नबढ्ने गरी प्रतिदिन सम्झौता रकममा 0.05 प्रतिशत दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । मंगलबारे हटिया देखि उपाध्यक्षको घरको बाटो हुँदै गौतमपुर सम्म जोड्ने (चेनेज नं. 0+000 देखि 0+465.50 कि.मी.) वाटोको कालोपत्रे गर्ने कार्यका लागि समिक्षा निर्माण सेवा सँग 4844723।०० को लागतमा मिति 2075/12/06 मा भएको सम्झौता अनुसार 077/08/30 (म्याद थप समेत) भित्र सम्पन्न गर्नु पर्नेमा मिति 2077/09/25 मा मात्र सम्पन्न भएकोमा पालिकाले 123/077/10/18 मा रु. 2812191। रकमको अन्तिम विल भुक्तानी गर्दा पूर्व निर्धरित क्षतिपूर्ति असुल गरेको छैन ।यस निर्माण कार्यको अन्तिम म्याद 077/08/30 रहेकोमा पालिकाले 077/09/25 मा मात्र सम्पन्न देखाएको हुँदा सार्वजनिक | ६०,५५९ | |

| | | | | |
|---|---|---|---|---|
| | | | खरिद नियमावली २064 को नियम 121 (क) बमोजिम 25 दिनको 0.05 प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति वापत रु. 60559 असुल गर्नुपर्दछ । | |
| ३२.९ | | | **<u>सडक निर्माणको ट्याककोट कार्यमा नर्म्स भन्दा बढी भुक्तानीः</u>** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तरगतको सडक विभागले जारी गरेको सडक तथा पूल निर्माण कार्यको स्टयाण्डर्ड स्पेसिफिकेशन 2073 को पेज नं. 216 को टेवल नं. 13.10 मा रिसिलिङ्ग र प्यचिङ गरिने पुरानो विटुमिन्स सडकमा प्रति वर्ग मिटर 0.50 देखि 0.60 लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ । यस पालिका अन्तर्गत निर्माण सेवा तथा उ.स. मार्फत सम्झौता भई निर्माण कार्य गराएका नयाँ सडकको कालोपत्रे गर्ने कार्यको लागि बिटुमिन तथा प्राइमकोट प्रयोग गरेको प्रतिवर्ग मिटर क्षेत्रफलमा उपरोक्त स्वीकृत नर्म्स भन्दा वढी दरमा ट्याककोट कार्यमा खर्च लेखी भुक्तानी गर्ने गरेको पाइयो । सडक विभागको स्वीकृत नर्म्स अनुसार विटुमिन तथा प्राइमकोट खपतको 40 देखि 60 प्रतिशत मात्र ट्याककोट लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपशिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोट खर्च लेख्दा रु.1212211।०० बढी भुक्तानी भएको रकम सम्बन्धित सडक निर्माण कार्यका उ.स. र निर्माण सेवा वाट असुल गर्नुपर्दछ । | १,२१२,२११ |

| निर्माण कार्यको नाम | निर्माण सेवा | प्राइमकोट गरेको क्षेत्रफल | ट्याककोट खर्च लेखेको | नर्म्स अनुसार ट्याककोट लेख्नुपर्ने खर्च | बढी खर्च | दर | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| दुहबी इनरुवा सडक देखि उत्तर हेल्थपोष्ट हुँदै थलाहा खोलापुल सम्म कालोपत्रे कार्य | उपभोक्ता समिति | 5087।50 व.मी. | 5087।50 लिटर | 3053। लि. | 2035 | 166.67 | 339090 |
| वडा नं. 6 देखि पूर्व यादव टोल हुँदै औरावनी सिमा जोड्ने सडक कालोपत्रे कार्य | चन्द्रमोहन निर्माण सेवा, सिराहा-12 | 3240 व.मी. | 3240 लि. | 1944 लि. | 1296 लि. | 80 | 103680 |
| शुक्रहाट देखि उत्तर सत्तेरझोरा ५, ६ जोड्ने सडक कालोपत्रे कार्य | शौरभ निर्माण सेवा | 3510 व.मी. | 3510 लि. | 2106 लि. | 1404 लि. | 110 | 154440 |
| गढी 1 तीनकुने चोक देखि उत्तर पूर्व नारायण सरदार धनिराम प्रगति टोल देखि दक्षिण पश्चिम भरत चौधरीको घर सम्म जाने सडक कालोपत्रे कार्य | चन्द्रमोहन कन्स्ट्रक्सन | 2906.25 व.मी. | 2906.25 लि. | 1743 लि. | 1163 लि. | 90 | 104670 |
| मंगलबारे हटिया देखि | समिक्षा | 1811.25 | 1811.25 | 1086.75 | 725 | 200 | 144900 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| उपाध्यक्षको घरको बाटो हुँदै गौतमपुर सम्म जोड्ने बाटो कालोपत्रे गर्ने कार्य | निर्माण सेवा | व.मी. | लि. | लि. | लि. | | |
| सरस्वती चोक देखि कपिलेश्वर मेहताको घर हुँदै सितागंज शाखा नहर जोड्ने बाटो कालोपत्रे कार्य | सरस्वती मल्टी पर्पोज कम्पनी प्रा. लि. | 2475 व.मी. | 2475 लि. | 1485 लि. | 990 लि. | 75 | 74250 |
| बर्जु गा.पा. वडा नं. 6 को सिमा देखि केदार चौधरीको घर देखि उत्तर फौदार आ.वि.को पूर्व सितागंज नहर सम्मको बाटो कालोपत्रे कार्य | सरस्वती मल्टी पर्पोज कम्पनी प्रा. लि. | 2298.75 व.मी. | 2298.75 लि. | 1379 लि. | 920 लि. | 75 | 68981 |
| वडा नं. 2 कोलहर्वा वि.पि.चोक देखि सखुवारे जाने बाटोमा ग्राभेल र कालोपत्रे गर्ने कार्य | यशुकी निर्माण सेवा | 5050 व.मी. | 5050 लि. | 3030 लि. | 2020 लि. | 110 | 222200 |
| | | | | | | जम्मा | 1212211 |


| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **सोझै खरिद**<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु ५ लाख भन्दा माथी र २० लाख रुपैयाँ सम्म लागत अनुमान भएको माल सामान सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । लेखापरीक्षण छनौटमा परेका पुँजीगत शिर्षक अर्न्तगतका केही भौचरहरु परीक्षण गरी हेर्दा रु ८६०४६२३।– | ७,१०५,३८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को विभिन्न सामाग्रीहरु प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको छ। सोझै खरिद गरेका मध्ये केही माल सामानहरु ५ लाखमा नवढाई पटक पटक सोझै खरिद गरेको छ भने केही ५ लाख भन्दा बढीको माल सामान लागत अनुमान समेत नवनाई विक्रेता बाट सोझै खरिद गरेको छ । अत पालिकाले प्रतिस्पर्धा लाई सीमित गर्ने उद्वेश्यले ५ लाखमा ननधाई पटक पटक र ५ लाख भन्दा बढीको सामान सोझै खरिद गरेको अनियमित देखिन्छ । | | |

| सि.नं. | गो.भौ/मिति | विक्रेता फर्मको नाम | माल सामानको विवरण | सोझै खरिद रकम |
|---|---|---|---|---|
| १ | ९१।०७७।९।९ | क्वालिरी टेक्नोलोजी प्रा.लि. | IP Telephone Intercom System | १९२४१०० |
| २ | ९७।०७७।९।१४ | कुवेर एण्ड सन्सट्रेड लिङ्क | १५ थान पावर टिलर | १६२७५०० |
| ३ | ७७।०७७।८।२४ | ओम ट्रेडर्स | ५५ थान ट्युवेल खरिद | ४९९६९३ |
| ४ | ७८।०७७।३।८ | कुन्ति हार्डवेयर | ५५ थान टयूवेल खरिद | ४९७८८५ |
| ५ | २२९।०७८।३।८ | खनार लक्ष्मी इन्टरप्राइजेज | १९ थान टयूवेल खरिद | १९९१६१ |
| ६ | २३८।०७८।३।८ | ओम ट्रेडर्स | ७५ थान टयूवेल खरिद | ४९८०४८ |
| ७ | ८०।०७७।८।३० | पूर्वाञ्चल ह्यूम पाइप एण्ड कंक्रिट इण्डष्ट्रीज प्रा.लि. | ह्यूम पाइप खरिद | १९०७६७ |
| ८ | १४७।०७७।११।१९ | जय श्री राम कंक्रीट इण्डष्ट्रीज | ह्यूम पाइप खरिद | ३०००१५ |
| ९ | १९८।०७८।९।१६ | पूर्वाञ्चल ह्यूम पाइप एण्ड कंक्रीट इण्डष्ट्रीज प्रा.लि. | ह्यूम पाइप खरिद | ३४८९६६ |
| १० | २०४।०७८।२।२० | पूर्वाञ्चल ह्यूम पाईप एण्ड कंक्रीत प्रा.लि. | ह्यूम पाइप खरिद | ४९८३३६ |
| ११ | २२६।०७८।३।७ | जय श्री राम कंक्रीट इण्डष्ट्रीज प्रा.लि. | ह्यूम पाइप खरिद | १७९६६० |
| १२ | ३५८।०७८।३।२५ | जय श्री राम कंक्रीट इण्डष्ट्रीज प्रा.लि. | ह्यूम पाइप खरिद | १४२५१० |
| १३ | २५१।०७८।३।१५ | पूर्वाञ्चल ह्यूम पाईप एण्ड कंक्रीत प्रा.लि. | ह्यूम पाइप खरिद | १९८७४४ |
| जम्मा | | | | ७१०५३८५ |

उपरोक्त सोझै खरिद खर्च लेखेको मध्ये रु १६९४७८७।०० मूल्यको २०४ थान ट्यूवेल र रु १८५८९९८।०० मूल्यका ह्यूमपाइप खरिद गरी वितरण खर्च लेखे तापनी वितरण खर्चको मापदण्ड तयार गरेको प्रमाण लेखापरीक्षण क्रममा पेश नभएकोले के कस्ता व्यक्ती तथा समुदायमा वितरण भएको हो सो यकिन

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न सकिएन । | |
| ३४ | 283 | २०७८-३-२२ | **किसानसँग साझेदारी**<br>**<u>साझेदारी र वितरण</u>**<br>संघीय सर्शत तर्फको रु ९५३०००, पालिकाको रु १०००००० सहित रु १५५३०००।– विनियोजित बजेट मध्ये लागत साझेदारी मा उन्नत बंगुरका पाठा ५० गोटा र उन्नत बंगर पाठी १०० गोटा गरी रु १५६२४००।– को बंगुरको पाठापाठी असरा बंगुर फर्मबाट खरिद गरी खर्च लेखेकोमा यस प्रकार पाइयो । (क) लागत साझेदारी:- बंगुरको पाठापाठी पालिकाले खरिद गर्ने र गोठ निर्माणको कार्य किसानले गर्ने गरी लागत साझेदारीमा सम्झौता गरी खरिद तथा वितरण खर्च लेखता पनि किसानले लागत साझेदारीमा गर्नु पर्ने गोठनिर्माणको कार्य सम्झौता अनुसार भए गरेको पाइएन। (ख) १५० बंगुरको पाठा पाठी खरिद गरी १५० जना किसानलाई वितरण गरेको भर्पाई पेश भएता पनि के कस्ता किसानलाई वितरण गर्नु पर्ने थियो र वितरण भयो सो को मापदण्ड पेश भएन । | |
| ३५ | | | **शिक्षातर्फ सोझै खरिद**<br>**सोझै खरिद (शिक्षातर्फ)**<br>सार्वजनिक खरिद ऐन, 2063 को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, 2064 को नियम ८४(१)मा ५ लाख भन्दा माथी 20 लाख रुपैया सम्म लागत अनुमान भएको माल सामान सिलवन्दी दरभाउ पत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका 077/078 अनुसार तपशिलका विद्यालयलाई माल सामान खरिद कार्यको लागि निकासा दिएको रकमको विल भर्पाई परीक्षण गर्दा विद्यालयले उपरोक्त व्यवस्था अनुसार 5 लाख भन्दा बढीको सामान लागत अनुमान नवनाई सोझै खरिद कार्य गरेको पाइयो ।विद्यालयलाई माल सामान खरिद कार्यका लागि निकासा भएको रकमबाट विद्यालयले सोझै विधिबाट खरिद कार्य गरेकोले विद्यालयको खरिद कार्य प्रतिस्पर्धी र मित्तव्ययी नभएकोले अनियमित देखिएको छ ।<br><table><tr><td>गो.भौ./मिति</td><td>विद्यालयको नाम</td><td>कार्यक्रमको नाम तथा खरिद कार्य</td><td>विक्रेता फर्मको नाम</td><td>सोझै खरिद रकम</td></tr><tr><td>82/077/11/14</td><td>जनता मा.वि. गढी-6, सत्तेरझोरा</td><td>आईसिटी अनुदान र विज्ञान प्रयोगशाला अनुदान</td><td>विभिन्न फर्म</td><td>1300000</td></tr></table> | १,३००,००० |
| ३६ | | | अनुगमन लेखापरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गाउँपालिकाले मिति २०७८।११।१८ च न २१५,२१६, २१७ र २१८ को पत्रबाट आर्थिक वर्ष ०७५।७६ र आर्थिक वर्ष ०७६।७७ को बेरुजु रु ५४६८९९ बराबरको बेरुजु प्रमाण कागजात र दाखिलाका आधारमा अनुगमन लेखापरीक्षण | |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिएको छ । गाउँपालिकासँग गत विगतको बेरुजुको विवरण र अद्यावधिक अवस्था माग गरिएकोमा लेखापरीक्षणमा पेश भएन । बेरुजुको लगत अद्यावधिक गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।<br> | |